# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैटौं अधिवेशन

# (एकतिसौं बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मिति : २०७७।०३।१७ गते

प्रदेश सभाको आजको बैठक माननीय सभामुख नेत्रनाथ अधिकारीको अध्यक्षतामा बस्यो ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, सर्वप्रथम माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङले मिति २०७७ असार ७ गते सभामा प्रस्तुत गर्नुभएको विनियोजन विधेयक २०७७ माथिको बाँकी छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, यो छलफलमा विधेकको आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामाजिक विकास मन्त्रालय, उद्योग पर्यटन बन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र प्रदेश सभा सचिवालयसंग सम्बन्धित विभिन्न शीर्षकहरुमा छलफल हुने व्यहोरा अनुरोध गर्दछु ।

उक्त छलफलमा बोल्न चाहनु हुने प्रत्येक माननीय सदस्यहरुलाई ७ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समय भित्र आफ्नो भनाई राख्न अनुरोध गर्दछु ।
सर्वप्रथम, माननीय सदस्य श्री इन्द्रधारा डाडु बिष्टलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री पुष्पा केसी भण्डारी ।

**माननीय इन्द्रधारा डाडु विष्ट**

सभामुखज्यू, आज हामी सम्मानित विनियोजन विधेयक २०७७ को मन्त्रालयगत जस्तै आन्तरिक तथा मामिला सामाजिक मन्त्रालय, उद्योग पर्यटन बन तथा वातावरण मन्त्रालय,

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र प्रदेश सचिवालयसँग सम्बन्धित विभिन्न शिर्षकहरु माथि आज दोस्रो दिनको छलफलमा सहभागी भईरहेको छु ।

सभामुखज्यू यो ४ वटा मन्त्रालयगत विनियोजित बजेट यो सम्बन्धित सदनमा पहेलो धातुको रुपमा प्रस्तुत भएको महसुस भएको छ । किनभने अगाडिका वक्ता माननीय ज्यूहरुबाट कति माननीय ज्यूहरुले यो पहेलो धातुलाई सुन भनेर व्याख्या गर्नु भएको छ भने कति माननीयज्यूहरुले योलाई पित्तल भनेर व्याख्या गर्नु भएको छ तर म के भन्छु भने पहेलो यो धातुलाई पगालेर पोलेर र सानो घनले ट्क्टक्यार हेर्ने प्रयास गरे। त्यसरी हेर्दा यो पहेलो धातु सुन हो भन्ने कुरामा म विश्वस्त छु । त्यसैले म र मेरो दल समर्थन रहेको छ ।

सभामुखज्यू म विभिन्न शिर्षकहरुमा बुदाँगत रुपमा व्याख्या गर्न गइनँ किनभने अगाडिका वक्ता माननीयज्यूहरुले धेरै व्याख्या गरि सक्नु भएको छ । छोटो छोटकरीमा भन्नु पर्दा गृहको ३७ बुँदा, सामाजिक विकास मन्त्रालयको ६६४ बुदाँ, पर्यटन मन्त्रालयको ७०१ बुदाँ, कृषि मन्त्रालयको ७७० बुदाँ, सरसर्ती अध्ययन गर्दा प्रदेश सभा सचिवालयको १५ वटा बुदाँहरुमा बुदाँ नम्बर १२ मा युटुब प्रत्यक्ष प्रसारणको लागि मिक्सर लगायत नेसरी खरिद २० लाख बजेट विनियोजन गरेको देखिन्छ । मेरो अनुरोध के छ भने यो कार्यक्रम थप फेरि बजेट समावेश गरे हाम्रो नेशनल टेलिभिजनहरुबाट समेत प्रत्यक्ष प्रसारणमा जोड दिनुभएको भए जनमानसमा प्रदेश सभाको गरिमा अझै थप बढिनुका साथै प्रदेश सभाको क्रियाकलापहरु प्रत्यक्ष नेपाली जनताले हेर्ने सुअवसर मिल्ने थियो ।

सभामुख ज्यू मन्त्रालयगतको कुरा गरि राख्दा आन्त्ररिक मामिला तथा कानुन मन्त्रालयको जम्मा डेढ पेज ३७ बुँदा हेर्दा त यति राम्रो यति प्रभावकारी बजेट विनियोजन भएको पाउँदा त सबैभन्दा कान्छो बजेट थोरै बजेट भए तापनि गृह मन्त्रालय त जिरे खुर्सानी नै सावितको रुपमा जिरे खुर्सानीकै रुपमा प्रस्तुत भएको महसुस गरेको छु । अरु ३ वटा मन्त्रालयको झण्डै २१ सय ३५ बुँदाहरुले गण्डकी प्रदेशबासीहरुको समस्याहरुलाई सम्बोधन गरेको छ। समय र परिस्थितिलाई अंगालेको छ । र समृद्धी प्रदेश र सुखी प्रदेश प्रष्ट खाका कोरिएको देखिन्छ । त्यसैले सभामुखज्यू मन्त्रालयलाई धन्यवाद भन्न चाहन्छु ।
सभामुखज्यू यति राम्रो कार्यक्रमहरु हुदा हुदै पनि केहि जिज्ञासा र प्रश्नहपरु राख्ने अनुमति चाहन्छु ।

मेरो निर्वाचन क्षेत्रको कुरा गरि राख्नु पर्दा विश्वको उत्कृष्ट १० गन्तव्य मध्य पर्ने क्षेत्र हो । त्यस क्षेत्रमा विदेशीहरुको भ्रमण गरेवापत दिनको ५० डलर र कम्तिमा पनि १० दिनको परमिट लिनु पर्नेछ र सांस्कृतिक सम्पदा प्राकृतिकको व्याख्या गर्दा त काम काम पहिला पहिला पर्यटकको प्रचुर संभावना भएको क्षेत्र मेरो त्यस क्षेत्रको व्याख्या गर्दा आफ्नो गौरवले छाती फुलेर आउँछ । तर के गर्ने पर्यटन मन्त्रीज्यू २०७५ सालमा विशेष पर्यटन भनेर बजेट आएको थियो । झण्डै २० लाख जति । र २०७७ सालमा जिओ पार्क अध्ययनको लागि झण्डै ५० लाख जति बजेट आएको थियो र, यसपाली ७७ मा विश्व सम्पदामा सूचिकृत गर्न भनेर झण्डै झण्डै केहि बजेट प्रस्तुत भएको महसुस भयो । तर मेरो प्रश्न यो छ । माननीय मन्त्रीज्यूलाई ७५ सालको विशेष पर्यटन क्षेत्रको बजेट र जिओ पार्क अध्ययनको बजेट मेरो क्षेत्रमा आएको मलाई महसुस भएन । त्यस कारणले गर्दा खेरि त्यसको जवाफ मन्त्र ज्यूहरुबाट मन्त्रीज्यू बाट पाउँछ भन्ने मैले विश्वास लिएको छु ।

त्यतिमात्र कहाँ हो र मेरो क्षेत्र भनेको पदयात्राको लागि अति रुचि राख्ने क्षेत्र हो । त्यसैले २०७६ र यस वर्ष २०७७ मा पनि पदमार्ग मर्मत र निर्माणको लागि त्यस क्षेत्रको जनचाहना अनुरुप मैले निवेदन चढाएको थिए । तर आँखा दुख्नेसम्म पर्यटन मन्त्रालयको १०१ अं ७०१ बुदाँ २१०३ चोटि पढ्दा पनि कतै त्यो पद मार्गहरु बजेटमा परेको नदेख्ने देखिएन । त्यसैले मेरो अनुरोध के छ भने यथार्थ सम्भावना भएको र जनचाहना भएको विषयलाई फेरि पनि त्यस मन्त्रालयले कुनै बास्केट फण्डबाट पार्नु हुन्छ भन्ने विश्वास लिएको छु । यति भनि राख्दा कतै म बत्तिमुनिको अध्याँरोमा त छैन?

सभामुखज्यू, अन्त्यमा, गण्डकी प्रदेश ११ वटा जिल्ला ३६ बटा निर्वाचन क्षेत्र र ८५ वटा स्थानीय निकायले सचिएको प्रदेश हो । त्यसैले यो रातो किताब सो अध्ययन गर्दा हाम्रो कुनै जिल्लाहरुको नाम खोज्दा खोज्दा समय नपाउला नपाउला जस्तो हुने कुनै जिल्ला बारम्बार पढ्न पर्दा कतै यो प्रदेशमा ५ या ६ बटा मात्र जिल्लाको प्रदेश हैन र जस्तो अनुभूति हुन्छ । हेक्का रहोस, माननीय मन्त्रीज्यूहरु यस प्रदेशमा ११ जिल्ला छन्,३६ वटा निर्वाचन क्षेत्र छ त्यसैले सबै ठाउँलाई आवश्यक र सम्मान दृष्टिकोणबाट हेरिनु पर्छ भन्ने अपेक्षा राख्दै यो विनियोजन विधेयक २०७७ लाई साथ र सर्मथन र सफल कार्यानयनको शुभकामना दिदै विदा हुन्छु ।

**माननीय सभामुख**

माननीय पुष्पा केसी भण्डारीलाई भाग लिन समय दिन्छु (त्यसपछि माननीय सदस्य विन्दु कुमार थापा)

**माननीय पुष्पा के.सी. भण्डारी**

माननीय सभामुख महोदय, विनियोजन विधेयक, २०७७ माथि छलफल गर्ने क्रममा आज हामी आन्तरिक मामिला तथा कानुन मन्त्रालय सामाजिक विकास मन्त्रालय, उद्योग पर्यटन बन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र प्रदेश सभा सचिवालयसँग सम्बन्धित विभिन्न शिर्षकहरु मथि छलफल गर्देछौ । थोरै समय र धेरै मन्त्रालयहरु हुँदा संक्ष्ोपमा नै विचार राख्ने प्रयत्न गर्दैछु।

सभामुख महोदय, आन्तरिक मामिला मन्त्रालयमा विभिन्न खाले विपत व्यवस्थापन र प्रदेश प्रहरी संबन्धी विमिन्न निर्माण कार्य प्रदेश अनुसन्धान व्युरोको व्यवस्थापना संचार र कारागारको स्तर उन्नती जस्ता विविध विषयहरु समेटिएका छन् । जुन समय सान्दर्भिक पनि छन् । गण्डकी प्रदेश गण्डकी प्रदेश प्रहरी अस्पतालको भौतिक पूर्वधार निर्माण र द्धन्द्ध पिडितको पुर्नःस्थापना कार्यक्रम पनि मलाई महत्वपूर्ण लागेका छन । त्यसै गरि संचार माध्यमलाई लाक कल्याण्कारी विज्ञापन भनिएको छ । यसमा पनि सबै संचार माध्यमहरुलाई न्यायपूर्ण तरिकाले समेटियोस् भन्ने म आग्रह गर्दछु । थोरै शिर्षकमा धेरै महत्वपूर्ण कामहरु बोकेको यस मन्त्रालय तर्फ म यति मात्र कुरा राख्दछु ।

माननीय सभामुख महोदय, सामाजिक मन्त्रालय भनेर एउटा नाममा समेटिएको मन्त्रालयले धेरै मन्त्रालय जिम्मेवारी बोकेको छ । र सबै क्षेत्रमा सन्तुलमन कायम गर्न प्रयासरत देखिन्छ । यसका ६६४ बुँदामा छलफल गर्न त संभव छैन तर पनि महिलाका लागि लोक सेवा तयारी कक्षा लक्षित वर्ग तथा समूहका लागि सहुलियत कार्ड वितरण, सांस्कृतिक र साहित्यको उत्थान संबन्धि कार्यक्रमहरु, शिशु स्याहार केन्द्रको व्यवस्थापन किशोरीहरुको लागि आत्मरक्षा तालिम शिक्षा स्वास्थ्य तालिम रोजगार लगायत यो वर्ष के आवश्यक भवन तर्फ देखिएको छ । मलाई बढी रुचि र चासोको कुरा आमाहरु काममा जाँदा बच्चाहरुको रेखदेख गर्ने स्थान शिशु स्याहार केन्द्र पनि हो । तर यो प्रदेश केन्द्रमा मात्र भनिएकोले यसलाई थालनी भनेर बुझ्न प्रयास गरेको छु । नत्र अरु जिल्ला र कामकाजी आमाहरु हुने हरेक क्षेत्रमा यसको जरुरत छ । अफिस कार्यालयमा काखमा शिशु भए स्तनपानको उचित व्यवस्था गरि भने पनि भएको पाइँदैन । म यसतर्फ ध्यान आर्कषण गराउँदै छु ।

किशोरीको लागि आत्मा रक्षा संबन्धि तालिम शिर्षकले विशेष खुसी प्रदान गरेको छ। यस्ता खेलबाट मुलुकलाई विभिन्न पदक समेत दिलाउन छोरीहरु संक्षम रहेको उदाहरण मैले गन्ती गराउन पर्ने छैन । तर यदि यहि तालिम सबै किशोरीहरुले प्राप्त गर्न सकेमा बलत्कार जस्ता जघन्य अपराधबाट पनि आफुलाई जोगाउन सक्ने छन्। रात साँझ या कतै एकान्त बासमा रहेको बला पनि अभिभावकहरु ढुक्क हुने छन् भने छोटो लुगा छोरीको अस्मिताको प्रश्न बन्ने छैन । यसमा अंकित रकमले यो शुरुवात मात्र हो भन्ने मैले बुझेकी छु तर हरेक विद्यालय मा सानै क्लासबाट अनिवार्य रुपमा प्रदान गरिने तालिम बन्नुपर्दछ र, छोरीका लागि यति छोरीका लागि अझै पनि आफ्नै अभिभावकहरुबाटै पनि उदार वातावरण बनिनसकेको व्यवस्थामा यस तालिमसँग सम्बन्धित ड्रेस र खाजाको पनि व्यवस्था गर्नुपर्नेमा म मन्त्रीजयूलाई ध्यानाकर्षण गराउँदछु र विषय उठान गरकामा धन्यवाद दिन चाहन्छु ।

गत वर्ष विद्यालयका छात्राहरुको निम्ति स्यानेटरी टावेल वितरणका लागि शिर्षक भएकोमा यो वर्ष देखिन या नभएको हो बुझ्न चाहन्छु । यो सानो कुराले किशोरीहरुका निम्ति कति महत्व राख्दछ, त्यो मन्त्री ज्यू स्वंय् महिला भएकोले बुझ्न सक्नु हुन्छ । यसको विस्तारमा ध्यान दिन आग्रह गर्दछु ।
सभामुख महोदय, त्यस्तै बोझिलो मन्त्रालय छ, उद्योग पर्यटन बन तथा वातावरण मन्त्रालय। चार वटा पक्षलाई बोको यो मन्त्रालयल प्रदेशको आर्थिक उपार्जनका प्राय महत्वपूर्ण पाटाहरुलाई धारण गरेको छ । उद्योग पर्यटन र वन यी ३ वटा पक्ष सबल हुन सकेमा प्रदेशको अर्थतन्त्र सबल बन्ने सक्दछ भन्ने मलाई लाग्दछ । तर, पूर्वधारमा अल्झेको उद्योग कोरोनाले धसिएको पर्यटन र वैज्ञानिक बन व्यवस्थापनलाई अघि बढाउन नपाएको बनबाट प्रदेश लाभान्वित हुन नसके पनि स्थिति नसके पनि स्थीति सुधार भए पछिको बनले यो प्रदेशलाई सम्मुनत बनाउन सक्ने छ भन्नेमा म विश्वस्त छु ।

त्यसैगरि सामुदायिक वनमा फ्रि फरेस्टी मोडेल शुरु गर्न खोजिएको छ । यसले बाँदर नियन्त्रणमा सकारात्मक भूमिका निर्वाह गर्ला भन्ने म ठान्दछु । साथै यस शीर्षकलाई मैले यतिमा नै बिट मारे ।

सभामुख महोदय, घुम्दै फिर्दै रुम्झाटार भने जस्तैगरि अहिले कोरोनाको मारले एउटा मारले परेको पाठ भनेको जीवनमा सबैभन्दा महत्वपुर्ण भनेको खाना रहेछ । त्यो कृषिबाट नै प्राप्त हुने चिज रहेछ भन्ने कुरा नै हो । पूर्वजले यसै उत्तम खेति भनेका रहेनछन भन्ने कुरा यति बेला चरितार्थ भएको छ । माटोसँग दुरी कायम गरेकाहरु पनि अहिले गमलामा माटो गमलामा भए पनि सागपात उमार्न सम्बन्ध जोडेको देखिन्छ । यो सकारात्मक पक्ष हो ।

सरकारको ध्यान पनि कोरोनाको मार पछि स्वदेशमै रहेका र विदेशबाट आएका युवाहरुलाई समेत कृषि केन्द्रित रोजगारीमा संलग्न गराउने देखिन्छ ।

त्यसैक्रममा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले आफ्ना कार्यक्रमका शीर्षकहरु कायम गरेको देखिन्छ । बिऊ उत्पादनमा प्रोत्साहन कृषि आधुनिकरणमा अनुदान मकै भटमास चैते धानखेती बिस्तार लक्षित वर्ग र क्षेत्रका व्यक्ति पहिचानका लागि तथ्यांक संकलन कृषि ऋणमा ब्याज अनुदान कार्यक्रम, ग्रामिण क्षेत्रमा करेसा तथा घर बगैचा स्थापना कार्यक्रम घुम्ती बाली उपचार शिविर चक्लाबन्दी कार्यक्रम फलफुल अलैची अदुवा आदिलाई प्रोत्साहन कोल्ड रुमको व्यवस्थापनमा माछा, मासु दूध आत्मा निर्भरतातर्फ उन्मुख परिवेशको सिर्जना राम्रा पक्ष हुन । मुलुक खाद्य सामाग्रीमा सक्षम हुन सके सुखका खुसमा निर्यात गर्न सक्ने र दुःखमा बाँच्न सक्ने परिस्थीति बन्दछ भन्ने पाठ अहिले पनि पढियो ।

सरकारबाट प्रदान हुने कृषिको राहत अनुदान बिमा आदि सेवा बारे कृषकलाई मनोबल प्रदान गर्दछ । तर त्यही त्यो चिजलाई साम्य पार्ने वातावरण बन्नु पर्दछ । न कि झोले किसानले सरल प्रकृया र सहज पहुच आजको आवश्यकता हो । यसका लागि जनताको पहुँच पुग्ने निकाय मार्फत सुबिधा उपलब्ध गराउने व्यवस्था मिलाउन सके उपयुक्त हुन्छ भन्ने म सुझाब राख्दछु ।
सभामुख महोदय, एक मन्त्रालय अन्तर्गत थुप्रै मन्त्रालय हुने हुदाँ समान्तर तरिकाले सबै पक्षमा ध्यान पुऱ्याई सनतुलित रुपमा कार्यक्रमहरु ल्याइएको हुनुपर्दछ । शिर्षकहरु राखे र काम गर्न नसक्दा बजेट फ्रिज महत्कांक्षी कार्यक्रमहरु राख्नुभन्दा जनतालाई लाभ पुग्ने र गर्न सकिने कार्यक्रमहरु राख्दा उचित हुन्छ भन्ने कुरा म राख्दछु**(माननीय सभामुख :माननीय सदस्य समय सकियो)**। मन्त्रीको झुकाव भएका पक्षहरुको विकास भएको, मन्त्रीका रुचि नभएको पक्ष ओझेलमा परेको भन्ने गुनासो आउन नदिन सम्बन्धित मन्त्रालयका मन्त्रीहरुज्यू सचेत रहनुपर्दछ भन्ने सुझाव राख्दै आफ्नो र आफ्दो दलको पूर्ण सहमति रहेको जानकारी गराउँदै आज्ञा चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**
माननीय सदस्य, श्री बिन्दुकुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य खिमविक्रम शाही ।

**माननीय बिन्दुकुमार थापा**

माननीय सभामुख महोदय, आज हामी विनियोजन विधेयक २०७७ मा छलफलमा जुटेका छौं। यसपालिको बजेट पनि विगत वर्षको बजेट जस्तै कास्की क्षेत्र नम्बर २ (२) को लागि अभिषाप नै सिद्ध भएको छ । असाध्यै धेरै मन्त्रीहरुबाट अपहेलित निर्वाचन क्षेत्रमध्येमा कास्की कास्की क्षेत्र नम्बर २ (२) पर्दछ । जहाँ पोखराको एउटा पर्यटकीय नगरी एउटा पोखराको प्रमुख वडाहरु मुख्य सहरहर, सपिङ कम्प्लेक्सहरु सबै यो क्षेत्रमा पर्दछ । तर पनि यो क्षेत्रलाई उपेक्षा गरेको मैले महसुस गरेको छु ।

सर्वप्रथम म उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय तर्फ जान चाहन्छु । यसपालि हामीले वनलाई विकास र सम्वृद्धिसँग जोड्ने र पर्यटनसँग पनि वनलाई जोडेर यसलाई विकास गर्ने भनेर बजेटहरु विनियोजन भएका छन् । यो स्लोगनहरु असाध्यै राम्रा छन् तर यी कार्यान्वयन गर्ने  प्रदेश सरकारको संयन्त्र, त्यसको कर्मचारी तन्त्र लगायतले यो अभियानलाई, यो स्लोगनलाई पूरा गर्न सक्ला जस्तो मलाई लाग्दैन । र अर्को कुरा प्रदेशको बजेट आउनुभन्दा केही दिन अगाडि मात्रै प्रधानमन्त्रीको ठाडो निर्देशनमा भनेर वनमा जतिपनि छिप्पिएका काठहरु, सुकेका काठहरु, बुट्यानहरु जति पनि हुन्छन्, सामुदायिक वन, निजी वनहरु यो काठहरु काट्न पनि नपाउने, ढुवानी गर्न पनि नपाउने भनेर एकदम निषेध गरिएको छ, यसले  प्रदेशको यो अभियानलाई वनलाई विकास र  समृद्धिसँग जोड्ने अभियानलाई यसले निषेध गर्न खोजेको छ भन्ने मलाई लागेको छ ।

यो तर्फ सरकारको ध्यान जाओस् भन्ने चाहन्छु । अर्को कुरा पोखरा एउटा पर्यटकीय राजधानी पनि हो । यसलाई कोशेली घरको एउटा ठूलो आवश्यकता छ । यहाँ उत्पादित बस्तुहरु ह्याण्डिक्राफ्टहरु, महिलाद्वारा उत्पादिन विभिन्न गलैचाहरु त्यहाँ राखेर बिक्री प्रदर्शन गर्नको लागि कोशेली घरको आवश्यकता धेरै अगाडिबाटै महसुस भएको हो । यसपाली पनि २० लाख रुपैयाँ राखिएको छ । त्यो अब राखियो । अब राखिन्छ, सिद्धिन्छ यत्तिकै। अब यो कार्यान्वयनमा जाला भन्ने मलाई लाग्दैन । कास्कीमा भनिएको छ । यसै गरेर यो हिमाली क्षेत्रमा कस्तुरी मृग संरक्षण र प्रबद्र्धन विकास कार्यक्रमलाई १ करोड ५० लाख रुपैयाँ राखिएको छ । यसले पनि स्मेल सुगन्ध एकदमै राम्रो दिएको छ, यो बजेटलाई तर यो कार्यान्वयनमा जान्छ कि जाँदैन? कार्यान्वयनमा गईदियो भने पनि यो असाध्यै राम्रो हो भन्ने मलाई छ । अर्को पर्यटकीय नगरी भनिरहँदा खेरी माननीय आर्थिक मामिलामन्त्री ज्यूको इनिसिएसनमा अघिल्लो वर्ष ग्लास बेन्च भनेर महेन्द्रपुलमा ५० लाख रुपैयाँ परेको थियो । र, यसलाई धेरै मन्त्रालय धाएँ । धेरै यो वन विभागमा पनि धाए । डिएफओको पनि धेरै सहरमा पुगे । यो ५० लाई १५ र ३५ गर्‍यो भने सकिन्छ । यसलाई कार्यान्वयन गर्न भनेपछि १५ लाखलाई अध्ययनमा, ३५ लाखलाई निर्माणमा भनेर अगाडि बढाइड़ो र

त्यो सम्भावनै भएन । यो लकडाउनकै पिरियडमा पनि निकै धाएँ । सम्भावना भएन । त्यसपछि यसलाई अर्को वर्ष निरन्तर हुन्छ भनेर मन्त्रीज्यूले पनि आश्वासन दिनुभयो। ग्लास बेन्च भनेर ५० लाख रुपैयाँ ।

यो वर्ष पर्नु पर्न थियो । दुर्भाग्यवश यो निर्वाचन क्षेत्रलाई अपहेलित भएको हुनाले यो ग्लास बेन्चलाई निरन्तर परेको छैन । जहाँ समिति गठन भइसक्यो । र त्यहाँको स्थानीय पनि धेरै आशावादी थिए । र त्यहाँ पार्क बनाउने । कोसेली घर बनाउने । त्यसपछि एउटा कफी सप बनाउने । ग्लास बेञ्च । सेती गर्ज हेर्नको लागि ग्लास बेन्च भन्ने थियो । नक्सा डिजाइन पनि तयार भइसक्या छ तर यसपालि त्यो छुटेको छ अथवा छुटाइएको छ।

त्यसै गरेर भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयतर्फ म जान चाहन्छु । त्यो मुख्यमन्त्री वातावरण मैत्री नमुना वातावरण मैत्री नमूना कृषि गाउँ भनिएको छ, यसले असाध्यै आशा लाग्दो प्रोजेक्ट हो यो । यसको उद्देश्य पनि असाध्यै राम्रो थियो तर यो मुख्यमन्त्री नमुना कृषि गाउँ यो बेवारिसे अवस्थामा छ । यो प्राविधिकहरुको यति चरम अभाव रैछ कि त्यो प्राविधिकको त्यहाँ सहयोग नभएकै कारणले गर्दा खेरी मुख्यमन्त्री कृषि नमुना गाउँ बेवारिसे अवस्थामा छ । यसलाई कृषि प्राविधिकको यथाशक्य छिटो व्यवस्था गरेर त्यसलाई मुख्यमन्त्रीको पनि नाम जोडिएको हुँदा, यसलाई मर्न नदिनको लागि म कृषि मन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु ।

त्यस्तै गरेर यो अब यो कृषिमा विशेष गरेर बेरोजगारी युवाका कुरा आका छन् । विदेशबाट फर्किएका युवाहरुलाई आकर्षण गर्ने र रोजगारीहरु सिर्जना गर्ने कुराहरु आएका छन् । त्यसकारण यो कृषि मन्त्रालयको भूमि तथा कृषि मन्त्रालयको महत्वपूर्ण योगदान रहने हुँदाखेरी रोजगारीमा त्यो तर्फ चक्लाबन्दीदेखि लिएर कृषि बिमाको कुराहरु पनि आइरहेका छन् बजेटमा । यो समय सापेक्ष सान्दर्भिक पनि छ । यसलाई कार्यान्व्यन हुनुपर्छ भन्ने पक्षमा म आफ्नो मत जाहेर गर्न चाहन्छु ।

त्यसै गरेर सामाजिक विकास मन्त्रालय अन्तर्गत यो प्रत्येक निर्वाचन क्षेत्रमा नमुना विद्यालय आदर्श विद्यालय एक एक वटा भन्ने यो प्रावधान मैले बुझे अनुसार मैले सुनिराखेको छु, तर यो हामीसँग एक पटक पनि सोधिएन । अब यो कास्की क्षेत्र नम्बर २ को २ मा नमुना विद्यालय कुन हो ? आदर्श विद्यालय कुन हो ? भन्ने कुरा मलाई अहिलेसम्म जानकारीमा

आएको छैन । अब यो अरु माननीयहरुलाई त्यस्तै हो कि मलाई मात्र त्यो भइराखेको छ, मैले बुझ्न सकिराखेको छैन । यो मन्त्रीज्यूबाट स्पष्ट होस् भन्ने चाहन्छु ।

अर्को कुरा यो कोरोना भाइरस रोगको रोकथाम, नियन्त्रण र उपचार कोष संचालन तथा स्वास्थ्य उपकरण खरिद भनेर २० करोड राखिएको छ । यो असाध्यै सह्राहनीय छ । तर यो क्वारेन्टाइनको व्यवस्थापनका कुराहरु, आइसोलेसन कक्षहरु, कोरोना विशेष अस्पतालको लागि एकदमै धेरै ध्यान दिनुपर्ने आवश्यकता अहिले हामी सबैले महसुस गरेका छौं । यो तर्फ मन्त्रीज्यूको ध्यान जाओस् र मुख्यमन्त्रीज्यू र अरु मन्त्रीज्यूले भने जस्तो एकदमै सहज र असाध्यै राम्रो अवस्था पक्का पनि छैन ।

क्वारेन्टाइनको अवस्था पनि लथालिंग छ । धेरै नाजुक अवस्था छ । त्यो यातना गृह जस्तै छ क्वारेन्टाइन । त्यसकारणले यो तर्फ मन्त्रीज्यूको ध्यान जानेछ भन्ने आफ्ना कुराहरु राख्दै मेरा आफ्नो भनाइ टुंगाउँछु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**
माननीय सदस्य श्री खिमविक्रम शाहीलाई छलफलमा भाग लिन समय दिन्छु । यसपछि माननीय सदस्य श्री जुनादेवी नेपाली ।

**माननीय खिमविक्रम शाही** ।
माननीय सभामुखज्यू, आज हामी विनियोजन विधेयक २०७७ माथि छलफलमा छौ । सर्वप्रथम बागलुङ जिल्लाको पनि पश्चिम क्षेत्र हालको तमानखोला गाउँपालिका वडा नम्बर ५ खुंखानी जन्म भई हाल संघीय सांसद हुनुभएकी माननीय ज्ञानकुमारी छन्त्यालको आज बिहान उपचारकै क्रममा मृत्यु भएको छ । उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र उहाँको परिवारप्रति समवेदना व्यक्त गर्न चाहन्छु ।

हामी आज यो चार वटा मन्त्रालयका शीर्षकमाथि छलफलमा जुटिराख्या छौ । सर्वप्रथम हाम्रो उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय यसले पनि धेरै क्षेत्र ओगेटेको र हाम्रो प्रदेशको लागि आम्दानीको श्रोत पनि संकलन गर्न सक्ने मन्त्रालय भएको र पनि यदाकदा चारैतिर छितरिएको छ । बजेट अत्यन्त कम भएको महसुस गरिएको छ । र यहाँ होम स्टे, भ्यू टावर, तालतलैयाहरु मठमन्दिरहरु यी आदि चिजहरुको संरक्षण गर्ने भनेर भनेको छ। अत्यन्त राम्रो कुरा । र अर्को कुरा कोडिभ-१९ ले बिस्थापित भएका पर्यटन मजदुरहरुलाई तालिमको व्यवस्था गरिएको छ भनेर भनिएको छ तर ५ जिल्लाका भनेर भनिकएको छ । अन्य जिल्लाका नभएको हो कि ? अर्को कुरा यो सबै निर्वाचन क्षेत्र

समेट्ने गरी प्रमुख पर्यटकीय गन्तव्यहरुको पूर्वाधार विकास गर्ने भनेर भनेको छ । यो पनि ठाउँ किटान भएको छैन । सम्भवतः कार्यक्रम गर्दै जाँदा खेरीको त्यसको निकितान हुनेछ।

र, यो सामाजिक विकास मन्त्रालय, विकास मन्त्रालय । यो अहिले स्वास्थ्यसँग सम्बन्धित मन्त्रालय पनि भएको हुनाले यो मन्त्रालयले कोभिड-१९ को कारण हामीलाई ब्याकुल ब्याकुल पारिरहेको अवस्थामा केही काम पनि गर्दै पनि आएको छ र गर्ने प्रतिबद्धता पनि भएको छ । र दिनहरुमा बढ्दै गर्दा हुन त सबै क्षेत्र त्यस्तो भएको हो कि ? हामी दुर्गमको मान्छे भएर त्यस्तो भयो कि? पिसिआर टेष्टको रिजल्ट एक महिना हुँदा पनि जान सकेको थिएन । ताकि जेठको ३०, ३१ गतेको रिपोर्ट आउन बाँकी छ । असार ४ गतेको रिपोर्ट जान्छ । अनि खोजतलास गर्‍यौ, माननीय मन्त्रीज्यूलाई फोन गर्‍यौ । यसको रिपोर्ट लिनका लागि यसको जाँच गर्नका लागि काठमाडौं पुग्या रैछ । त्यसो भएर ढिला भए होला।

क्वारेन्टाइनमा बसेमा व्यक्तिहरुलाई पनि अत्यन्तै गाह्रो, कतिपय महिला, बुढाबुढी बच्चाबच्ची भएको र उहाँहरुको पालनपोषण गर्ने अरु कार्यकर्ताहरु गाउँ लेभलका कार्यकर्ताहरुलाई पनि अत्यन्तै गाह्रो भएको अवस्था थियो र आउँदा दिनहरुमा त्यस्तो नहोस् । र यो मन्त्रालयबाट अथवा निर्देशनालयबाट आदर्श विद्यालय, खेलकुद संगीत विद्यालय, बाल विकास, खानेपानी, विद्यालयको लागि भनेर जुन कार्यक्रम परेको छ, यी कार्यक्रमहरु परेको छ, पनि सान्दर्भिक छन् तर ढिलो गएको हुनाले कार्यक्रम सम्पन्न गर्न पनि अत्यन्तै गाह्रो छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट यसका कार्यक्रमहरु ज्ञान केन्द्रमार्फत आउने छन् । कति कार्यान्वयनहरु गर्न हामी कार्यक्रम गर्ने छौं । कृषकहरुले गर्नुहुनेछ । र यो निर्देशनालयमार्फत अथवा यो संकलन केन्द्र, कोल्ड स्टोर, चिस्यायन केन्द्र यीहरु पनि समयमै बन्न नसक्ने अवस्थामा छन् । यही कोभिडको कारणले गर्दा। र, यो मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाउँ यो पनि अनुगमन गर्न जरुरी छ । यसमा जे जति हामी रकम विनियोजन गरेका छौ, अनुगमन नगर्ने हो भने यो हाम्रो माननीयले भने जस्तो हुने गर्छ।
यो आन्तरिक मामिला मन्त्रालय तथा कानुन मन्त्रालय यहाँ त हामीले थुप्रै आशा पनि के गर्छौं र तै पनि यो इलाका प्रहरी कार्यालयको भवनहरु बनाउने भन्ने कार्यक्रम आएको छ । यो राम्रो छ । र यो दुखको कुरा यी चार वटै मन्त्रालयबाट अस्तीको रातो किताबमा

मेरो क्षेत्रलाई जम्मा एउटा कार्यक्रम परेको छ । चार वटा मन्त्रालयका तर्फबाट जम्मा एउटा कार्यक्रम परेको थियो ।

त्यो क्षेत्रका जनता, सौताका छोराछोरी त पक्कै हैनन् होला । त्यो क्षेत्रका जनताको उन्नति प्रगति भएमात्रै र त्यस्तै दुर्गम बस्तीको उन्नति प्रगति भएमात्रै हाम्रो प्रदेशको प्रगति अवश्य हुनेहोला । अवश्य हुने होला । त्यसैले यी कुरालाई **(माननीय सदस्य समय सकियो)** मध्यनजर गर्दै आउँदा दिनहरुमा हाम्रो प्रदेश सरकारले ध्यान दिनु हुनेछ भन्ने अनुरोध गर्दै मेरो भनाइ अन्त्य गर्छु धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री जूनादेवी नेपालीलाई छलफलमा भाग लिन समय दिन्छु । यसपछि माननीय सदस्य श्री ललितकला गौतम ।

**माननीय जूनादेवी नेपाली**

माननीय सभामुखज्यू, विनियोजन विधेयक २०७७ आर्थिक विकास कार्यक्रम २०७७/२०७८ को आन्तरिक मामिला मन्त्रालय तथा कानुन मन्त्रालय, सामाजिक विकास मन्त्रालय, उद्योग पर्यटन, वन तथा वातावण मन्त्रालय, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र प्रदेश सभा सचिवालयसँग सम्बन्धित विभिन्न शीर्षकहरु माथि छलफल कार्यक्रममा सहभागिता हुने अवसर प्रदान गरिदिनु भएकोमा म आभार प्रकट गर्दछु ।

सर्वप्रथम म यस विधेयकले कोरोना भाइरसको रोकथाम, नियन्त्रण र उपचारको प्रभावकारी व्यवस्थापन गर्न उपलब्ध श्रोत साधनको अधिकतम उपयोग गर्दै गरिबी न्युनीकरण गर्न र विधिको शासन स्थापना गर्दै सुरक्षित प्रदेश निर्माण समाजवाद उन्मुख आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र निर्माणमा सफल रहने छ । म विश्वास गर्दछु र, शुभकामना प्रदान गर्दछु । र, मेरो मेरो व्यक्तिगत तर्फबाट र मेरो दलको तर्फबाट यो विनियोजन विधेयक २०७७ को म पूर्ण समर्थन गर्दछु र मेरा केही जिज्ञासाहरु रहेका छन् ।

समाजमा अहिले पनि जुनसुकै नाममा जातीय छुवाछुत, छुवाछुत तथा भेदभावका घटनाहरु घटिरहेका छन्। संविधानका कानुनका किताबमा लेखेका कुराहरू अथवा भएका व्यवस्थाहरु व्यवहारिक कार्यान्वयनमा अझै जोड दिनुपर्ने अवस्थाहरु देखिएका छन् । कानुन निर्माणमा संलग्न निकाय र भूमिकाको सन्दर्भमा सरकारको नीति अनुकूल कानुनको मस्यौदा तर्जुमा गर्ने प्रमुख जिम्मेवारी कानुन मन्त्रालयको हो । सरकारको कार्यकारिणी निकायबाट तयार भएका विधेयक मस्यौदा सरकारको नीति लगायत अन्य संवैधानिक राष्ट्रिय

तथा अन्तराष्ट्रिय कानून तथा महासन्धीको प्रावधान र कानुन तर्जुमासम्बन्धी विधि नियम अनुकूल भए नभएको जाँच तथा परिमार्जन गर्ने कुरा कति व्यवहारिक रुपमा कार्यान्वयन गरियो भन्ने कुरा यस गरिमामय सदनमा लक्षित समुदाय दलित जनजाति लगायत अन्य समुदाय मैत्री विधेयकहरु आई कानुनको रुप धारण गरे भन्ने कुरा मैले भनिरहनु पर्छ जस्तो लाग्दैन । यस विषयमा सम्बन्धित निकायहरुको ध्यान आकृष्ट हुने कुरामा म विश्वस्त छु।

परम्परागत सीप र पेशालाई व्यवसायीकरण गर्ने र व्यवसायीक विकासका लागि उपकरण तथा प्रविधि हस्तान्तरण गर्ने परम्परागत पेसा कला र सीपको संरक्षण र सम्बर्धन र व्यवसायिकरण गर्नका लागि छुट्याइएको बजेटले स्थानीय पालिकाहरुलाई यस वर्ष सबैलाई नचिने पनि आगामी वर्षमा चिन्ने गरी बजेट आउने छ म विश्वास गर्दछु । यी कार्यक्रमहरु यस प्रदेशको प्रथम पंचवर्षीय योजना अनुसार ल्याउनु भएकोमा गण्डकी प्रदेश सरकारलाई म हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

मेरो चासो यतिमात्र हो कि सबै पालिकाका जनताहरुलाई केहि मात्रामा भएपनि जीविको पार्जनमा सहजता ल्याउनेछ । महत्व दिनुपर्ने छ । यतिबेला वर्तमान समय र परिस्थितिले स्वास्थ्य, शिक्षा र कृषि प्राथमिकतामा परेका छन् । यस पृथ्वीमा, यस प्रदेशमा, यस वर्ष मान्छेको मृत्यु, रोग भोक र शोक चिन्ताले हुने गरेको छ । नेपालको संविधानले प्रत्येक नागरिकलाई खाद्य सम्प्रभुताको हक हुनेछ भनेको छ । स्वास्थ्य सेवा समान पहुँचको हक पनि हुन्छ भनेको छ । त्यसै गरी सामाजिक न्याय सामाजिक सुरक्षाको हक हुनेछ आदि कुराहरु व्यवस्था गरेको छ ।

कृषि क्षेत्रमा रोजगारीका अवसर सिर्जना गर्दै उत्पादनमा आत्मनिर्भर हुने अर्थतन्त्रका प्रमुख आधार जलश्रोत, कृषि र पर्यटन क्षेत्रलाई हेयको दृष्टिले हैन, प्रशंसा उत्प्रेरणा, सम्मानको खाँचो छ । यी क्षेत्रमा बजेट नेपाल सरकार प्रदेश सरकारले प्राथमिकतामा राखिनुपर्छ । स्थानीय र उन्नत जातका बिउ बिजन संरक्षण प्रवद्र्धनको आवश्यकता देखिन्छ ।

समयमा नै रासायनिक मल, किटनासक औषधीको व्यवस्थापन गर्दै, बिस्तारै कम्पोस्ट मल, प्रांगारिक मललाई बिस्तारै बढावा दिंदै धेरै बालीमा समर्थन मूल्य तोक्ने त्यसलाई प्रभावकारी बनाउने, जग्गा खण्डिकरण भूउपयोग नीति बनाउने भएकोलाई कार्यान्वयन गर्ने कृषियोग्य जमिनको निर्धारण गर्नुपर्ने, निर्वाहमुखी खेती प्रणालीबाट जमिनमा सिचाइ प्रविधि र उन्नत बिउ बिजन उत्पादित बस्तुको बजारीकरण कृषि यान्त्रिकीकरण आधुनिकीकरणमा जोड दिँदै

जुन विपन्न समुदाय गरिबको नाममा जग्गा जमिन छैन, उनीहरुलाई कृषिका यान्त्रिक उपकरणहरु उपलबध गराई गरिबी निवारण रोजगारीका अवसरमा सिर्जनामा ध्यान दिनुपर्ने आवश्यकता रहेको छ । धेरै आम्दानी हुने बालीमा ध्यान दिनुपर्ने छ । सलह किराबाट हुने क्षतिप्रति चनाखो हुँदै दैनिक आवश्यकताका बस्तु आयातमा कमी निर्यातमा बढावा दिदै गएमा प्रदेश निर्माणमा टेवा पुग्नेछ । म विश्वास गर्दछु । कृषकलाई सर्वसुलभ रुपमा ऋण उपलब्ध गराउने । अनावश्यक झार जंगल हटाई आवश्यक बोट बिरुवा रोप्ने, वैज्ञानिक बहुउपयोगी वन जंगलको विकास गर्ने कुरा प्राथमिकतामा राखिनुपर्दछ । त्यतातर्फ बजेटले महत्व पाउनु पर्दछ । सरकारको ध्यान जानेछ । म विश्वास गर्दछु। र, मुख्यमन्त्री मैत्री वातावरण मैत्री कृषि गाउँले लिएको प्रमुख उद्देश्य नै गरिबी निवारण हो ।

गरिबी भनेको नागरिकको दैनिक जीवनयापन गर्नका लागि आधारभूत आवश्यकता परिपूर्ति कठिनाई अवसर र मौकाहरुमा पहुँच नहुनु, मानवीय मर्यादा कायम नहुन आदिलाई बुझिन्छ । यो प्रदेशमा ४४.९१ प्रतिशत गरिबी छन् । राज्यको श्रोत साधनमा गरिबीको पहुँच नहुनु, कृषि क्षेत्र निर्वाहमुखी हुनु, गरिब लक्षित कार्यक्रमहरु कार्यान्वयनमा समावेशीताको सिद्धान्त आकर्षित हुँदै वास्तविक गरिबसँग पुग्न नसक्नु, श्रमको सम्मान नहुनु । म मात्रै भनिरहेको छैन, प्रथम पंचवर्षीय योजना प्रदेश सरकार भन्छ, यो त यो कार्यक्रमले सम्बोधनको अवस्था के कस्तो छ। अध्ययन गर्न आगामी दिनमा गरिबी निवारणतर्फ सरकारको ध्यान अझै जानेछ । म विश्वास गर्न चाहन्छु ।

मानव जीवनको नभै नहुने स्वास्थ्यमा महत्वपूर्ण कुराहरु पदमार्ग पनि हो । यतातिर ध्यान दिनुपर्ने आश्यकता पनि मैले देखेको छु । आयुर्वेदिक अस्पतालहरु जनघनत्व भएको शारीरिक पारिश्रमिक **(माननीय सभामुख : माननीय सदस्य समय सिद्धियो)** कम हुने क्षेत्र निर्धारण गरी ती ठाउँलाई महत्व दिने, दिनुपर्नेछ । यति भन्दै मेरा भनाइहरु यही अन्त्य गर्दछु । हवस् त धन्यवाद । नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्य श्री ललितकला गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री दीपक थापा ।

**माननीय श्री ललितकला गुरुङ**

माननीय सभामुख महोदय, विनियोजन विधेयक २०७७/२०७८ को वार्षिक कार्यक्रम माथिको छलफलमा छौं ।

सभामुख महोदय, विकासका कार्यक्रम विकास र परिणाममुखी नभई वितरणमुखी भएको छ। सुरुका वर्षदेखि नै बास्केट, पोके, धोके जे जस्ता विभिन्न उपनामले परिचित मन्त्रालयहरुले यो वर्ष पनि खासै आफ्नो गतिविधिहरुमा परिवर्तन गरेको देखिएन । प्रदेश सरकार गठन हुँदै गर्दा सामाजिक मन्त्रालयको जिम्मा महिलाले पाउँदा त्यतिबेला नै न्याय पाएजस्तो लाग्थ्यो। तर आज त्यस मन्त्रालयमा हुने गरेका कार्यक्रमहरू किताबमा बाहेक अन्यत्र मैले अनुभूत गरेको छैन । मलाई भन्न मन छ, मुक्तकण्ठमा यी यस्ता यति त्यहाँ यहाँ कामहरु सम्पन्न भए तर त्यो अवसरबाट म यो प्रदेश सरकारको तेस्रो आर्थिक वर्षमा आउँँदा पनि वञ्चित भएँ ।

आदिवासी जनजातिहरूको बाहुल्यता भएको यो ठाउँ। यहाँ थुप्रै गुरुङ, मगरहरूको बस्ती छ। यहाँ अत्यन्त प्रचलित गुरुङ, मगरहरु, यहाँ अन्य जातजातिहरुले पनि प्रयोग गर्ने भांग्रा, झोला, ढाकाहरु जस्ता थुप्रै वस्तुहरु उत्पादन हुन्छन् । ती महिला दिदीबहिनीहरूको सीपको लागि कुनै पनि बजेटले सम्बोधन गरेको यहाँ भेटिएन ।

यहाँ पर्यटन मन्त्रालयबाट होम स्टेका कुरा गर्दै गर्दा पैदलमार्ग, पदमार्गका कुरा गर्दैगर्दा त्यो होम स्टेमा जाँदै गर्दा ती महिला दिदीबहिनीहरुले फूलमाला विभिन्न भेषभूषामा उभिएर लगाउँदै, स्वागत गर्दै गरेको, मीठा भोजनको यहाँहरुलाई स्वागत गर्दै गरेको भुल्नु भएछ जस्तो लाग्छ ।

त्यो कार्यक्रममा कही कती उहाँहरुको सीपको लागि उहाँहरुका क्षमताको लागि कही कतै पनि मैले बजेटमा सम्बोधन भएको देखिनँ । मन्त्रालयका बजेटहरूमा एउटै शीर्षकमा एउटा शीर्षक तीन ठाउँमा, चार ठाउँमा सम्बोधन भएको छ । मन्त्रालयगत मन्त्रीज्यू अनि मन्त्रालयमा कार्यरत कर्मचारी, सचिवज्यूहरुको दक्षता क्षमताको त्यहाँबाट प्रष्ट हुन्छ। यहाँहरुले आफैंलाई म म भन्नको निम्ति म अनुरोध गर्न चाहन्छु। प्रदेश सभा र विषयगत समितिको लागि अत्यन्त न्यून बजेट विनियोजित भएको छ । यसप्रति यसको लागि हामीले कस्ता कानुन बनाउँछौं र हामी हाम्रो प्रदेश कतातिर हाम्ले लैजान्छौं भन्नेतिर यहाँहरुको म ध्यानाकृष्ट गराउन चाहन्छु ।

पाँच वटा समितिहरूको लागि कार्यक्रम वार्षिक ७ लाख विनियोजन भएको छ र अनुगमन र मूल्यांनको लागि पनि विषयगत समितिको लागि पनि ७ लाख रुपैयाँ विनियोजन भएको छ । यसले समितिको कार्यलाई कत्तिको सक्षमता दिन्छ र कत्तिको प्रभावकारी बनाउँछ भन्नेतर्फ म सभामुख मार्फत सम्बन्धित निकायको ध्यान आकृष्ट गराउन चाहन्छु ।

मैले यसमा के जोड्न चाहन्छु भने हाम्रो गण्डकी प्रदेशको ऐतिहासिक अत्यन्त ठूलो मानिने गण्डकी हस्पिटल अहिले कोभिड-१९ को कारण हाम्रो गण्डकी प्रदेश पनि अत्यन्त भययिभत अवस्थामा छ । र त्यहाँ दैनिक १५ सय १५, १७ सय बिरामीहरु त्यहाँ जाने गर्ने, त्यहाँ डायलासिस प्रसूति स्वास्थ्य बिमा देखि लिएर अन्य थुप्रै उपचारको लागि त्यहाँ लाम लाग्ने बिरामीहरुको त्यो ठाउँ आज क्वारेन्टाइन, आइसोलेसन र यी संक्रमितहरुको लागि त्यो हस्पिटल आज अन्यथा नमान्नुहोला, अखडा बनेको छ ।
किनभने त्यहाँ थोरै बिरामी छन्, बिरामीहरु त्यहाँ अन्यत्र ठाउँको बिरामीभन्दा त्यहाँ सुरक्षित पनि छन् र सेवामा पनि उहाँहरुले सेवा पनि पाइरहनु भएको छ । दिनको चार पहर खान पनि खाइरहनु भएको छ। मैले उहाँहरुको लागि सम्मान गर्न चाहन्छु । उहाँको शीघ्र स्वास्थ्य लाभको कामना पनि गर्न चाहन्छु । उहाँ स्वास्थ्य लाभ पछि घर जानु हुनेछ, त्यसको लागि पनि म कामना गर्न चाहन्छु ।

तर उहाँहरु फुर्तिलो अवस्थामा हुनुहुन्छ । मेरो अनुरोध के हो भने उहाँहरुलाई अन्यत्रै यहाँ थुप्रै प्राइभेट हस्पिटलहरु पनि छन्, त्यहाँ स्थानान्तरण गरेर त्यहाँ गरिब, निमुखा सर्वसाधारणले उपचार गर्ने हस्पिटललाई पूर्ण त्यही गण्डकी हस्पिटल त्यही रुपमा राखिओस्। त्यहाँ सर्वसाधारणले पनि उपचार गर्न पाउन् । फेरि त्यहाँ जान सकुन् । र त्यहाँ भययित त्रसित अवस्थाबाट मुक्त पारिओस् र सर्वसाधारणलाई त्यहाँ जाने वातावरण बनाइओस् भनेर सभामुखमार्फत म प्रदेश सरकारको ध्यान आकृष्ट गराउन चाहन्छु । **(माननीय सभामुख : माननीय सदस्य समय सिद्दियो)** र, धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री दीपक थापालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य प्रकाशचन्द्र दवाडी ।

**माननीय दीपक थापा**

माननीय सभामुखज्यू, आज हामी आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामाजिक विकास मन्त्रालय, उद्योग पर्यटन वन वातावरण तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालय हामी एउटा सफल गरिराखेका छौं । छलफलमा जुन विषयहरु छन्, जुन नीतिगत कार्यक्रम र सिद्धान्त प्रत्याङ्ग आधारले जुन आधारले जुन बजेट विनियोजित भएर आएको छ । यसमा नीति र कार्यक्रममा प्रथमत सैद्धान्तिक हिसाबले यो आएको छ । यो ठिकै छ । यसकारण यसलाई मैले पहिले यो म समर्थन गर्न चाहन्छु । तर यो विषयमा केही विषयहरुमा कही यस्को ठोस नहुनु, त्यसमा अलि पुष्टि नहुनु र कतै त्यहाँ

हुलमुल भएको छ । त्यसमा केही सुझाव राख्न चाहन्छु । कि समग्रमा यसले दिएको जुन आन्तरिक मन्त्रालयबाट जुन शान्ति सुरक्षाका निम्ति जुन प्रहरी तालिम केन्द्र प्रदेशको कुराहरु गरिराखेका छौ।

त्यसरी नै हाम्ले स्थानीय तहमा प्रहरी चौकीहरुको जुन भवन निर्माणका कुरा गरिराखेका छौ। यो धेरै राम्रो छ । शान्ति सुरक्षाका निम्ति हामी यसले अगाडि बढाउनुपर्ने हुन्छ । र यसलाई हामी बरु मलाई लागेको कुरा के हो भने यो कार्यान्वयन गर्ने विषयमा हामी अलि ठोस र जिम्मेवारपूर्वक अगाडि बढ्नुपर्छ । त्यसकारण यसरी गयो भने हामी जे जे योजना बनाएका छौं । त्यसलाई पुष्टी गर्न सक्छौ र अगाडि बढ्न सक्छौं र मलाई लागेको यही सन्दर्भमा कतिपय युवा शसक्तिकरणको लागि जुन दुव्र्यसनमा लागेको छ, त्यसको निम्ति पनि आएको जुन नीति कार्यक्रम आएको छ, बजेट पनि छुट्याएको छ । यो ठिक छ तर छुट्याइरहँदा मलाई के लाग्यो भने जुन दुव्र्यसनमा आकोमा जुन सशक्त ढंगले हाम्ले लाने छौं तर कही न कही मलाई लाको अहिले कतिपय युवाहरु जुन कि एउटा उत्छृङखल ढंगले अथवा कतै आफ्नो मनोगत रिसले आवेगले धेरैभन्दा धेरै जेल, एउटा जुन कालो कोठरीमा छन्, बन्दी गृहमा छन्, ।

त्यसैले मलाई लाको बरु यहाँ यसरी हेरेर आउँदा म केही जिल्लाहरुमा कारागार अनुगमन गर्ने पनि त्यो अवसर जुन मैले पाएको थिएँ, र त्यसरी हेर्दा क्षमताभन्दा पनि बढी जुन त्यहाँ बन्दीगृहमा क्षमताभन्दा पनि बढी राखिएको पाइन्छ । जुन २५ जना भएको ठाउँमा १ सय २५ जना सम्म पनि छन्। त्यसैले उनीहरुको जुन कारागार, बन्दीगृह धेरै नै जुन एउटा कमजोर किसिमको त्यो अवस्था छ । आफू उनीहरु बस्न खान पनि ठूलो समस्या छ । जस्तै ट्वाइलेट । अनि त्यही खालको खानेपानी यो भएको हुनाले बरु सरकारले हाम्रो प्रदेश सरकारले हाम्रो ठोस गरेर यसलाई पनि मैले एउटा सुझाव राख्न चाहें । र, यसरी नै अब कृषिमा मैले फेरि कुरा राखे ।

जुन यहाँका जुन हाम्रो अब मुख्यमन्त्री वातावरण सम्बन्धी एउटा कार्यक्रम छ । जुन राम्रो छ । यो ठिकै छ । जुन पकेट । यस्तरी जुन कार्यक्रमहरु ठोस गरेका छन् र त्यसको भौगोलिक त्यसको ठाउँ छनोट जुन कि पहिचानको आधारले सबै चिज ठिकै छ, त्यसलाई राखिन्छ । तर मलाई के लागेको भने जुन कि उद्यमशीलहरुले जुन त्यसको काम गर्छन् कृषकहरुले र उसले उत्पादन गर्छ र एउटा उत्पादन गरिसकेपछि हाम्ले त्यो उत्पादन गरेको जुन कि नेपालमा आउँछ , यहाँ स्थानीय हिसाबले प्रयोग गर्ने एउटा कुरा भो हामी यहाँ प्रयोग गर्छौ यही बजारको व्यवस्थापन गर्न सक्छौं तर जुन कि जुन यहाँ मसलावादीहरु

चाहे चिया भन्नोस्, चाहे अदुवा भन्नोस्, चाहे अलौंची भन्नोस्, योखालको हामीले विदेश निर्यात गर्नुपर्ने हुन्छ, त्यसकारणले विदेश निर्यात गर्ने अवस्थामा हाम्रो ठूलो समस्या छ, जुन कि सिमा क्षेत्रमा गएर त्यसलाई हामीले मिलाउन सक्या छैनौं ।

त्यसैले महिनौं दिन अलैचीहरु कुहिएर बसेको छ, महिनौ दिन अदुवा कुहिएर बसेको छ, त्यसले गर्दा जुन उत्पादन गरेको छ, त्यसकारण ती जनताहरु जुन ती कृषकहरु उसको एउटा दयनियले गर्दा पीडादायिक छ । त्यसैले त्यो पनि कही न कही सिमा बाहिर लैजान सक्यौ भने त्यसले गर्दा एउटा जुन कि बन्द व्यापार, कृषि, कुखुरा पाल्ने, बंगुर फार्म चलाउने, अलैची खेती गर्नेहरुको जीवन वर्वाद छ, उनीहरु एउटा घरविहीन भएर उनी विदेश जाने बाध्य पर्या छन् । उनीहरु जग्गा जमिन त्यत्तिकै छोड्या छन् भने एउटा बिचौलियाले केही नभाको मान्छेले मासु काट्छन् बोक्छन्। उनीहरु घर महल बनाका छन् ।

यो स्थितिलाई हाम्ले मध्यनजर राखेर राज्य सत्ताले नै जुन सरकारले नै यसलाई विदेशी कुटनीतिक सम्बन्ध जुन खालको छ, यो सम्बोधन हो । त्यो हाम्ले व्यवस्था गर्नुपर्छ । हुन सक्छ जुन कि विदेशबाट हाम्ले आयात गर्छौं । त्यसले सजिलै दिन्छन् तर निर्यात गर्ने बेला हाम्ले लैजाने बेला त्यो ठूलो समस्या छ, त्यसको तुरुन्ता तुरुन्तै व्यवस्था गरे हाम्ले धेरै लक्ष्य लिएका छौं, जुन हामीले चाहना राख्या छौं, सफल हुन सक्छौं । एक ।

अर्को कृषि ऋणको विषयमा । चाहे त्यो कुटिर उद्योग होस्, चाहे कुनै व्यवसाय गरोस्, चाहे कृषि व्यवसाय गरोस् तर यहाँ त्यो कले गर्छन् भन्ने निम्न किसानले गाउँमा रहेको किसानले, दुरदराजमा बसेका किसानहरुले गरिब जनताले गरिब व्यवसायीले गरेका हुन्छन्, त्यसकारणले त्यसको व्यवस्था गर्नलाई कृषि ऋणको व्यवस्था अलि ठोस गर्नुपर्ने हुन्छ । त्यसकारणले त्यसखालको कृषि ऋणहरु त्यसको ब्याजहरु जुन कि त्यो जनताले त्यो कृषकले त्यो गरिबले उसको पहुँच पुग्न सक्दैन, पुऱ्याउन सक्दैन, त्यो उनको त्यसकारण उसको धितो राख्ने जग्गै छैन ।

यदि भएको पनि गाउँमा भएको त्यो जग्गा कुनै पनि सरकारले यही हाम्रै सरकारले अथवा यहाँको पनि बैंकले कुनै पनि उसले स्वीकार्दैन । त्यसकारणले उसले एउटा महँगो व्याजमा पर्न जान्छ । हुने खानेहरु ठालुहरु र एउटा माग्नेहरुले त्यो खालको कृषि ऋण सहुलियत लिएका छन् । त्यसैले मैले के मात्र भन्न राखे भने यसरी एउटा साधारण किसानले त्यहाँको सहकारी त्यहाँको वाणीज्य बैक उसको पहुँच पुग्दैन, त्यसो भएको हुनाले त्यो कृषि ऋण सहुलियत दिन्छ भने एउटा सहकारी संस्थाले पनि दिनु पर्छ ।

त्यो खालको त्यहाँ उनीहरुको न्याय हुन्छ र त्यसकारणले एउटा फाइनान्सलाई दिनुपर्छ यो खालको व्यवस्था गऱ्यो भने सबैले त्यसले एउटा खालको सफल हुन सक्छ र हाम्ले योजनामा राख्यौ त्यो कार्यक्रम सफल गर्न सक्छौ र यो मैले यो कुरा राख्न चाहे । र अर्को कुरा यहाँ कतिपयले यसलाई के पनि भन्ने गरिन्छ भने व्यवस्था हाम्ले गरेका छौं र यहाँ कृषिसम्बन्धी ठूला ठूला शीत भण्डारण जुन गोरखाका (माननीय सदस्य समय सिद्धियो), स्याङजाका, कार्यान्वयन गर्ने यी योजनाको लागि ठोस गरोस्, यही अनुमति राख्दै यही कुरा राख्दै म यहाँहरु बीच बिदा चाहन्छु । हस् त धन्यवाद ।

**माननीय सभामुख**
माननीय सदस्य श्री प्रकाशचन्द्र दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री रामबहादुर गुरुङ ।

**माननीय प्रकाशचन्द्र दवाडी ।**
सभामुखज्यू, आज विश्व कोभिड-१९ ले रोइरहेको छ । हामी नेपालमा पनि रोइरहेका छौ तर सरकारबाट धेरै मिठा कुराहरु आउँछन् । कोभिड-१९ को बारेका ठेट कुरा आएको महसुस भएको छैन ।

सभामुख महोदय । मलाई लागेको छ । मलाई खुसी लागेको छ एउटा कुरा, मैले सम्झिनै पर्छ, सामाजिक विकास मन्त्रालयबाट मन्त्रीज्यूले ३ वर्षको अन्तरालमा एकचोटी फोन गर्नु भाको थियो । ओए, माननीयज्यू, भन्नुभो मलाई कताकता तरंग आयो । कसले ओए भन्यो भनेर, पछि बुझ्दा साामाजिक विकास मन्त्रीज्यू हुनुहुन्छ । उहाँलाई हृदय देखि नै धन्यवाद दिन चाहन्छु ।

आज गोरखा अहिले तत्काल हिजोमात्रै स्वास्थ्य क्षेत्रको कर्मचारीलाई कोरोनाबाट ग्रसित भएको छ । लगायत अरु जिल्लाहरुमा तनहुँ पर्वत लगायतका जिल्लाहरुमा भएको छ । राज्यले कसरी गण्डकी प्रदेशले कसरी त्यहाँ पुग्ने पहुँच जनताले सकेका छैनन्, कर्मचारीले पनि सक्नुभाको छैन । मेरो आग्रह छ, सरकारलाई गण्डकी प्रदेश सरकारलाई , अब कोरोना आइसक्यो, लाइसक्या त्यसको रोकथामको लागि ठेट कुरा किन ल्याउन सकेन सभामुख महोदय ? आछ्र भनिन्छ हामी यहाँ बोल्दा सरकारमा बस्नेहरुले मिठो कुरा दिनुहुन्छ । हामी प्रतिपक्ष चुप लागेर बस्छौ सरकार पक्षका साथीहरुले मन परि नपरी पनि पछाडि पट्टी त अहिले कुर्सी ठटाउन थाल्नु हुन्छ ।

म अचम्म लाग्छ, फेरि बोल्ने बेलामा भएन पनि भन्नुहुन्छ । एउटा आग्रह गर्न चाहन्छु । सरकारमा रहँदा हामी प्रतिपक्ष विरोधका लागि मात्रै सधैं भन्ने गरिन्छ । यहाँ सरकारबाट सरकारको माननीयज्यूलाई मेरो आग्रह छ र मन्त्रीज्यूलाई आग्रह छ। पीडा सबैको बराबर छ । तर पीडा सेयर गर्दा बराबर भएको महसुस गरिदिनु म अनुरोध गर्दछु ।

आज गोरखा सुलीकोटको मेरो क्षेत्र अन्तर्गत बारपाक सुलीकोटमा स्वास्थ्यकर्मीलाई हिजोमात्रै कोरोना पुष्टी भयो । त्यहाँ रुवाबासी चलेको छ, गाउँपालिका भरि । त्यस्तै अरु ठाउँमा पनि त्यस्तै भएको होला । तुरुन्तै त्यस्तो ठाउँमा तुरुन्तै यहाँबाट स्वास्थ्यकर्मी साथीहरु किन पठाईंदैन सभामुख महोदय?त्य हाँ अफ्ठयारो परेको ठाउँमा । त्यस्तै अरु जिल्लामा पनि त्यस्तै भएको छ । यहाँ बस्ने हामी मिठो बोल्छौ । एकछिन मिठो बोलेर जान्छौं, भोलि त्यो कार्यान्वयन भा हुन्न । त्यसैले मेरो आग्रह छ ।
स्वास्थ्य क्षेत्रको र यो अहिलेको क्रिटिकल अवस्थामा अलिकति बढी ध्यान नपुगेको हो कि? जस्तो मलाई महसुस भएको त्यस्तै यहाँ देखिन्छ । हामी सबैको बालबच्चा छन् घरमा । बालबच्चाको दिमागमा अहिले के भाको छ, स्कुल जान पाइएको छैन, हामी पाए त्यही मोबाइल किन्छौ । धनीका बच्चाले मोबाइल किन्छन् । गरिबले त्यो पनि पाका छैनन् । त्यो पाको भए त्यो कण्डिसन राज्यले एउटा गण्डकी प्रदेशले नयाँ पोलिसी ल्याउनु पर्दैन सभामुख महोदय ।

शिक्षा क्षेत्रलाई कतिसम्म हाम्ले अवहेलना गरेका छौ । अब यहाँ जम्मा ७ मिनेट दिइएको छ सभामुख महोदय । बोल्न पर्ने धेरै मन्त्रालयको कुरा छन। आज तैपनि म थोरै थोरै छुने प्रयत्न गर्दछु । त्यस्तै शिक्षाकै सवालमा स्कुलहरु धेरै ठाउँमा कोरोना टाइम बस्यो । कोरोना टाइममा राख्नुपर्छ । आइसियु आइसोलेसनको कुरा त छोड्दिऔ साथीहरु भन्छन् । त्यहाँ आइसोलेनमा गाका मान्छेहरु पीडादायिक क्षणमा भित्र कसरी अर्को पीडाले मर्न लाका छन् । कमसेकम अलि व्यवस्थित गर्नुपर्छ गण्डकी प्रदेश सरकारले ।

अरु केन्द्रमा के गरेको छ, अरु प्रदेशमा के गरेको छ हेर्ने हैन सभामुख महोदय, यो प्रदेशमा हेर्नुपर्छ । अघि साथीहरुले भन्नुभो । कता न पाँच वटा छ वटा जिल्ला हो कि ? मलाई त गण्डकी प्रदेशमा एउटा पनि जिल्ला नभईकन प्रधान मुख्यमन्त्री हुनु भाको हो कि भन्ने महसुस भाछ । किनभने कही पनि स्वास्थ्यको क्षेत्रमा केही पनि काम भाकै छैन, सभामुख महोदय अर्को, यहाँ पर्यटन क्षेत्रमा कुरा आयो । हामी पर्यटनको हव भन्छौ तर अहिले भन्नै पर्दा सबै कुरो भन्नुपर्छ । म पर्यटन मन्त्रीलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु । जेनुइन दुईचार वटा योजना मैले टिपाको थिएँ । तर जेनुइनलाई कटाएर एउटा टिप्पु भएछ, त्यो

कस्तो ठाउँमा टिप्नु भएछ भने सरकार पक्षकै साथीहरुले कुनै नाम भनेकै आधारमा त्यो टिपाइदिनु भएछ ।

मैले त्यो पनि अन्तबाट आको योजना हो। म त्यो योजना राखिदिएकोमा धन्यवाद दिन चाहन्छु । तर गोरखाको धार्चे मनास्लु स्वाँराबाट हुँदै पदमार्ग त्यस्तै नाकेपोखरी पदमार्ग दुधपोखरी पदमार्ग, दुधपोखरी भन्दा त अझ लमजुङका माननीयहरु पनि खुसी हुनुहुन्छ होला किन भने नजिकै छौ हामीहरु । त्यसैले यी जेनुइन पार्टका योजनाहरु किन छुटाइन्छ ? सभामुख महोदय , म आग्रह गर्छु । उद्योगको नाम हामी धेरै लिन्छौ । रोजगारी भएन भन्छौं । रोजगारीका कुराहरु ल्याउँछौं । उद्योगमा के ठेट कुरा आका छन्, सभामुख महोदय, रातो किताबमा ? चित्त बुझ्ने कुरा केही पनि लाग्दैन ।

होला हजारौंमा हजार वटा योजना हुनुपर्नेमा दुईटा आको छ, त्यतिले पुग्दैन । रोजगारीका अवसरको लागि । त्यस्तै वन, उद्योगसँग जोडिएको निर्माण व्यवसायी साथीहरुले कति अफ्ठ्यारोहरु परेका छन्, सभामुख महोदय । बाटो निर्माण कार्य अगाडि बढाउँदा एउटा रुखलाई देखाएर ३ वर्ष, पाँच वर्षसम्म त्यो योजना कार्यान्वयन भाको छैन । धेरै जिल्लामा भाको होला , गोरखामात्रै मैले भने । त्यो कुरा किन ठेस कुरा आउँदैन सभामुख महोदय । र, कर्मचारी साथीहरु हुनुहुन्छ, त्यो नीति नियमलाई परिवर्तन गरेर हुन्छ कि यदि जेनुइन ठाउँमा बाटो निर्माण भएको छ भने त्यो ठामको लागि कार्यविधि तुरुन्तै चेन्ज गर्नुपर्छ भन्ने मलाई लाग्छ ।

त्यो सम्बन्धित मन्त्रालयमा त्यसको ध्यान जाओस् म आग्रह गर्न चाहन्छु । अर्को यहाँ कृषिको कृषि क्रान्ति यहाँ सबै कृषि क्रान्ति ल्याउँछौ हामीले साच्चि हो । यहाँ के देखिन्छ ? मैले आजमात्र सुनेको थिएँ, पोखरामै एउटा भैसीपालन अन्तको भैसी ल्याएर राखेर अनुदान लिई फेरि बन्द गरिदे । गोरखामै त्यस्तै छ । अन्य जिल्लामा त्यस्तै छ, त्यो कमसेकम कर्मचारी साथीहरु जाँदा पनि क्रश गरिदिनु पनि आग्रह गर्दछु। पहिलो चोटी हेर्‍यो, तुरुन्तै नेक्ट दुई चार दिनमा दश दिनमा पैसा लिनुभन्दा अगाडि हुँदैछ भन्ने तर छड्के चेक गर्नुपर्छ। त्यो दुरुपयोग भाको छ, त्यसलाई ध्यान जाओस् भन्ने कुराहरु राख्छु । र, कानुन मन्त्रालयअन्तर्गत यहाँ मन्त्रीज्यूलाई मैले फोन गरेको थिएँ, केही योजना छैनन् भन्नुभयो ।

कुनै जिल्लामा त प्रहरी चौकीको योजना छुटेको रैछ । गोरखामा त किन योजना कुनै पनि छैन भन्नुभो । मलाई खुसी पनि लाग्यो, अहिले कोभिड-१९ लाई मात्रै हो कि भन्ने महसुस भाको थियो, कोही कोही ठाउँमा हेर्दा त कोही एक दुई ठाउँमा देखेको छ, गोरखामा

पनि मेरै क्षेत्र लगायत अन्य क्षेत्रमा पनि जेनुइन पार्टहरु छन्, मैले आफैंले फोन गर्दा किन सभामुख महोदय छैन भनेर गण्डकी प्रदेश हाँक्छु भन्ने साथीले किन  हो कि मलाई एक छिन भनेर अन्य काम गर्न हो कि मैले अझ सम्म बुझ्न सकेको छैन । प्रष्ट जवाफ  आग्रह गर्दै गण्डकी प्रदेशको (माननीय सदस्य समय सिद्धियो) लाई राम्रो बनाउने सरकारले राम्रो काम गरुन् र हामी प्रतिपक्षले पनि सरकारलाई सफल पार्ने प्रतिबद्धता जनाउँदै बिदा हुन्छु, धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्य श्री रामबहादुर गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय श्री डोबाटे विश्वकर्मा ।

**माननीय रामबहादु गुरुङ**

सभामुख महोदय, आर्थिक वर्ष २०७७/२०७८ को वार्षिक बजेटको आजको यो छलफलको सन्दर्भमा सभामुख महोदय, आर्थिक वर्ष २०७७, ०७८ को बिकास, विकास कार्यक्रम अन्तर्गत आर्थिक मामिला तथा कानुन मन्त्रालयद्धारा विनियोजित गरिएको प्रत्येक कार्यक्रम तथा कार्य योजनाहरु एकदमै उत्तम र महत्वपूर्ण राम्रो छ।  र विकास कार्यक्रम एकदमै राम्रो छ । यस योजनाले चेतनामुलक कार्यक्रम सुचना प्रणाली प्रविधि र व्यवस्थापन र पहुँच सामाजिक सुरक्षा र विभिन्न उद्धार र राहत पुनःस्थापन र अस्पताल जस्ता भौतिक पूर्वाधार निर्माण सम्बन्धी विभिन्न अति आवश्यक विषयमा केन्द्रित रही विभिन्न उत्तम योजनाहरु कार्यान्वयन तथा योजनाहरु समावेश गरिएको छ ।

सभामुख महोदय,  यसैगरी सामाजिक विकास मन्त्रालयद्वारा यस अन्तर्गत सम्बन्धित सम्बोधन गरी समावेश गरिएको कार्यक्रमहरु जस्तै महिलाहरुको लागि लोक सेवा आयोजना, दलित र सामुदायको परम्परा र पेसा र सीपको संरक्षण, अल्पकालीन उद्धार र प्रादेशिक शिक्षा नीति ऐन नियम विद्यालयबाट स्वास्थ्य शिक्षा सम्बन्धी सचेतना विकास शिक्षाको बारे कोरोना भाइरस कोभिड-१९ को रोकथाम नियन्त्रण तथा उपचार सम्बन्धी, जडिबुटी सम्बन्धी, परिचालन र प्रदेशी स्तरीय श्रम तथा रोजगार सम्बन्धी यसैगरी गण्डकी प्रतिशतभित्र गुन्जिएका विभिन्न संस्कृति अनुसार झल्किने खालको र गीत र संगीत नृत्यबारे र कार्यक्रम विभिन्न खेल मैदान विभिन्न तथा खेल आयोजना पुरातत्व महत्वका वस्तु तथा सम्पदाबारे कार्यक्रमहरु साथै विभिन्न समयमा हुँदै आएका हिंसा र बलत्कारलाई न्युनीकरण गर्ने उद्देश्यले किशोरीहरुको लागि आत्मरक्षा सम्बन्धित तालिम लगायत असहाय विभिन्न वर्गलाई

उपचार र गर्ने र जस्ता विभिन्न विभिन्न विषयगत क्षेत्रमा विकासका अति महत्व कार्यक्रमहरु सम्बोधन गर्दै समावेश गरिएको छ ।

सभामुख महोदय, यसैगरी यस आर्थिक वर्षको विनियोजित बजेटद्वारा हाम्रो यस गण्डकी प्रदेश भित्र प्रदेश स्तरीय नीति ऐन नियम र कार्यविधि तयार गरी पदमार्ग र होम स्टे पार्क विभिन्न मठमन्दिर गुठी र पोखरी संरक्षण सहित सहिद पार्क र भ्यु टावर कोभिड-१९ का लक्षित पर्यटन प्रवद्र्धनको प्रवद्र्धन र विकास कार्यक्रम उद्योग स्थापना र सञ्चालन ढाका बस्तु उत्पादन, कुमाल दलित र अन्य जातिको परम्परा सीप र पेसालाई व्यावसायिकरण गर्ने उद्यमशील प्रशिक्षण र तालिम बारे पूँजीगत सुधार बजार अनुगमन र नीति नियमन र उपभेक्ता र जनचेतनाको लागि सूचनामूलक जनजागरण अभियान जस्ता विभिन्न आवश्यक विषयलाई समावेश गरि सम्बोधन गर्दै उद्योग पर्यटन वन तथा वातावरण सम्बन्धी अति उत्तम कार्यहरु गर्ने विषय विभिन्न कार्यक्रमहरुको आयोजनालाई आयोजना समावेश गरिएको छ ।

साथै भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयद्वारा यस सम्बोधन सम्बन्धी विभिन्न कार्यहरु जस्तै कोभिड-१९ प्रभावित र कृषि कार्यक्रमको भेटेनरी अस्पताल तथा प्रयोगशालाबारे किसानसँग कृषिमन्त्री कार्यक्रम जलवायु मैत्री नमुना गाउँमा कृषि तथा पशुपंक्षी प्रवद्र्धनसम्बन्धी विशेष कार्यक्रमहरु, सहकारी तथा गरिबी निवारण, व्यवस्थापन सूचना प्रणाली, संचालन तालिम दुग्ध, विषादी र अन्वेषण विश्लेषण प्रयोगशाला र साझेदारी कृषि उपज संकलन केन्द्र निर्माण लगायत गण्डकी प्रदेश प्रदेश तरकारी र बिउको निर्माण तयारी तथा व्यवसाय योजना तयारी तथा आयोजना प्रस्ताव लेखन तालिम जस्ता उल्लेखनीय कार्य आयोजना र सम्बोधन गरी बजेट विनियोजित गरिएको छ ।

सभामुख महोदय, यसै गरी प्रदेश व्यवस्थापिकाद्धारा विभिन्न कार्यक्रमहरु जस्तै सभामुख, उपसभामुखको विभिन्न कार्यक्रमहरु अन्तर्गत प्रदेश तथा अन्य कार्यक्रमहरु लोक सेवा आयोजना आयोगको काम तथा कारबाहीहरु सम्बन्धि विभिन्न कार्यक्रमहरु, लगायतका प्रदेश तथा जिल्लाहरु स्तरीय अदालत र सरकारी र वकिल र सम्बन्धित तालिम र छलफल तथा अन्तरक्रिया कार्यक्रम जस्ता उल्लेखनीय कार्य र आयोजनाहरु समावेश गरिएको गरी विकास निर्माण र कार्यहरु सम्बोधन गरिएको छ।

सभामुख महोदय, मैले केही सुझाव राख्न चाहे । यो हामीले कोभिड-१९ नेपालीहरूको लागि मात्र नभएर गण्डकी प्रदेशमा पनि ठूलो असर परेको छ । यसको आक्रान्त रुपमा फैलिएर

गएको कुरा यहाँहरु सबैलाई थाहा छ । त्यसकारणले यसलाई  महत्वपूर्ण साथ यसलाई ध्यान दिनुपर्ने कुरा यहाँहरुलाई राख्न चाहन्छु र अब यो २०७७, ०७८ को विनियोजित जुन बजेट छ, त्योलाई कार्यान्वयन गर्ने पाटो सबभन्दा महत्वपूर्ण छ।

त्यसकारण आयातमा प्रतिस्थापन गर्ने **(माननीय सभामुख :माननीय सदस्य समय सिद्धियो**), निर्यातमा जोड दिने आर्थिक वृद्धि गराउने र श्रम रोजगार सिर्जना गर्ने भनेर यो विनियोजन विधेयक महत्वपूर्ण भूमिका खेलेको छ । **(माननीय सदस्य समय सिद्धियो**) त्यसकारण मेरो पार्टीबाट विशेष धन्यवाद दिन चाहन्छु । थ्याङ्क्यु ।

**माननीय सभामुख**

माननीय सदस्य श्री दोबाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य जनकलाल श्रेष्ठ ।

**माननीय दोबाटे विश्वकर्मा**

माननीय सभामुखज्यू, आज हामी २०७७/७८ को विनियोजन बजेट माथि छलफलमा सहभागी भएका छौं र, आज ७७, ७८ को बजेट धेरै मेहनत गरेर सरकारले प्रस्तुत गर्नु भाको छ र, वास्तवमा बजेट विनियोजन गर्नुभन्दा कार्यान्वयन पक्ष कस्तो भयो भन्ने कुराले महत्व राख्छ जस्तो लाग्छ र सरकारले आफ्नो जिम्मेवारी कर्तव्यै भूमिका निर्वाह गर्न सकिँराखेको छैन भन्ने मलाई लागेको छ र बुँदागतका बजेट विषयमा म बुँदागत ढंगबाट जान नँ । र मैले सरकारसँग गर्नुपर्ने कर्तव्य र सरकारले के के गर्दै हुनुहुन्छ र किन गर्नु भएन भन्ने विषयमा थोरै जिज्ञासा मात्र चाहे । आज ।

हामी चार वटा मन्त्रालयमा छलफल गर्दैछौं । आज आन्तरिक मामिला तथा कानुन मन्त्रालयले मान्छेको ज्यानधनको सुरक्षा, शान्तिसुरक्षा दिनेहोला र कानुनको न्याय दिने होला तर त्यो कानुनको न्याय र अधिकार कत्तिको प्राप्ति गरेको छ, जनताले त्यो कुरा आन्तरिक मामिला मन्त्रीज्यूलाई जिज्ञासा राख्न चाहन्छु । अस्ति भर्खरै हामीले सदनमा कुरा उठायौं ।

छुवाछूत र विभेदका मुद्दाहरुले दमनमा परे, अन्यायमा परे, अत्याचारमा परे भनेर हामीले यहाँ कुरा उठायौ, सदनमा । त्यो कुराको जवाफ सरकारले दिन पर्छ कि पर्दैन? त्यसको लागि  छानबिन हुनुपर्छ कि पर्दैन ? सरकारको दायित्व र जिम्मेवारी हो कि हैन भन्ने कुरा म माननीय मन्त्रीसँग जिज्ञासा राख्न चाहन्छु । र आज महिला दिदीबहिनीहरु बलात्कारमा हिंसा हत्यामा पर्दछन्, जो पीडित छ त्यसले न्याय पाउँदैन । जो बलियो छ, त्यसले जो

पीडक छ, त्यसले न्याय पाएको अवस्था छ । त्यसको निम्ति सरकारले सत्यतथ्य छानबिन गर्नुपर्ने दायित्व जिम्मवारी हुन्छ कि हुँदैन ? त्यो तिर सरकारको ध्यान गको छ कि छैन ? त्यसकारण यो विषयमा सरकार आफ्नो जिम्मेवारीबाट आफ्नो भूमिका निर्वाह गर्न सकेन भन्ने लाग्दछ । आज केन्द्रीय सरकारको अवस्था हेर्यौं भने अन्याय अत्याचारमा परेको हुन्छ ।

रुकुमकै घटना हेर्‍यौ भने आज देश विदेशमा तमाम कुरा उठेको छ, अहिले धमाधम सरकारको तर्फबाट आज प्रत्येक मान्छे आज ६, ६ जना मान्छेको नरसंहार भएको छ। आज एक एक लाख धरौटीमा उम्मिकैछ, यही हो सरकारले दिने न्याय , शान्ति सुरक्षा । जनतालाई सरकारको आन्तरिक मामिला मन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहन्छु र सामाजिक मन्त्रालयको सन्दर्भमा म जिज्ञासा राख्न चाहन्छु, मन्त्रीज्यूलाई।

आज हाम्ले महिला बालबालिका ज्येष्ठ नागरिक र अपांग भएका व्यक्तिहरुलाई र स्वास्थ्य र शिक्षा मन्त्रालयको दायित्व र जिम्मेवारी छ, त्यो कुरा हामी सबै अवगत भएको कुरा छ । आज कति महिलाले आज महिलाका कार्यक्रम आएका छन् । कति महिलाले योबाट ने आफ्नो उद्योग धन्दा पेसा व्यवसाय र त्यसबाट कति महिलाहरु लाभान्वित भए ? त्यसको कुनै लेखाजोखा छैन । बजेटमात्रै गरेर कार्यान्वयन पक्ष गएन भने के हुन्छ ।

वास्तवमा अहिले हामीले भन्यौ अहिले विश्वभरि फैलिएको महामारीको रुपमा फैलिएका कोभिड-१९ कोरोनाको सन्दर्भमा बजेटबढी छुट्याउनुपर्छ भन्यौ । आज सरकार माननीय मन्त्रीज्यूहरु भन्नुहुन्छ, हामी सबै तयारीमा छौ भन्नुहुन्छ । तर म आग्रह गर्न चाहन्छु । अस्ति भर्खरमात्रै हो घटना बागलुङको संक्रमित भए । मैले माननीय मन्त्रीज्यूलाई फोन गरें, म सिडिओ सापसँग कुरा गर्छु भन्नु भो । तर त्यहाँ २ दिनसम्म संक्रमित मान्छेहरु अलपत्र परे । त्यहाँ गाउँमा आतंक भो । २ दिनपछि ल्याएर आदिकवि भानुभक्त क्याम्पसमा ल्याएर आइसोलेसन बेड बनाएर राख्नुपर्ने अवस्था सिर्जना भयो ।
सरकारको दायित्व र जिम्मेवारी कसरी पूरा भयो ? भन्ने कुरा म जिज्ञासा राख्न चाहन्छु। त्यसकारणले गर्दाखेरीमा सरकारले बोलेरमात्र हुँदैन, गरेर देखाउनुपर्छ कार्यान्वयन पक्षमा जानुपर्छ भन्ने कुरा म राख्न चाहन्छु र, अर्को उद्योग पर्यटन मन्त्री मन्त्रालयसम्बन्धित थोरै कुरा म जोड्न चाहे । आज उद्योग मन्त्रालयले उद्योगको क्षेत्रमा, पर्यटनको क्षेत्रमा, वनको क्षेत्रमा, सम्पूर्ण क्षेत्रमा दायित्व र जिम्मेवारी भूमिका निर्वाह गर्नुपर्ने मन्त्रालय हो तर म जिज्ञासा र अनुरोध गर्न चाहन्छु, आज तमाम गिट्टी, बालुवा, ढुंगा क्रसर उद्योगको व्यवस्थापन गर्ने भनिएको छ आज तमाम् क्रसर उद्योगहरु अनियमित ढंगले चल्या छ । त्यसलाई

नियन्त्रित गर्ने कुरा र त्यसलाई कानुनी दायरामा ल्याउने दायित्वमा सरकार किन चुकेको छ? म यस कुरामा जिज्ञासा राख्न चाहन्छु ।

अर्को कुरा वन क्षेत्र, वनबाट आधारित उद्योगहरु संचालन गरी हाम्ले आयआर्जन गरेर आर्थिक वृद्धि गर्ने भनेका छौं । आज वन क्षेत्र प्रदेश सरकारको अधिकारभित्र पर्छ । संघीय सरकारले वन नभएका अहिले तत्कालै काटिएका काठहरु बन्द गर्नु भनेर संघीय सरकारले रोक लगाएको छ । आफ्नो अधिकार खोज्न र आफ्नो अधिकार र जिम्मेवारी पूरा गर्नलाई प्रदेश सरकार बोल्न पर्दैन ? त्यसको निम्ति आफूले आफ्नो अधिकारलाई भूमिका निर्वाह गर्न पर्दैन ? त्यसकारणले मैले जिज्ञासा राख्न चाहे ।

त्यसो हुँदा खेरीमा आज जसरी हाम्ले यो गरेछन्, त्यो गरेछन् भन्ने तर कार्यान्वयन पक्ष जान नसक्ने आफ्नो दायित्व र जिम्मेवारीलाई भूमिका निर्वाह गर्न नसकेको भन्ने मलाई लागेको छ । त्यसकारणले म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । आफ्नो दायित्व र भूमिकालाई निर्वाह गर्नका लागि पनि आग्रह गर्न चाहन्छु । र अर्को कृषि मन्त्रालयको सन्दर्भमा जसरी कृषि मन्त्रालयमा जति काम गर्नु पर्ने हो अहिले शीर्षकमा धेर कुराहरु छुट भनेको छुटेको छ । तर अहिले जनतालाई असार मसान्तसम्म मल बिउको आवश्यकता छ। हामीसँग कति मेट्रिक मलहरु छ ? जनताले अहिले मल पाको छैन । रोपाइँ गर्ने बेला असोजमा मल आउँछ ।

त्यसको निम्ति सरकारले समयमा आफ्नो भूमिका निर्वाह गर्न पर्छ कि पर्दैन ? अर्को कुरा कृषिमा अनुदानका कुराहरु छन् । अनुदान लिने कुरा जसले कागज मिलाउन सक्यो त्यसले अनुदान पाउने । यथार्थ कृषकले अनुदान नपाउने अवस्थाहरु सिर्जना भएको छ । त्यसको निम्ति अब अनुगमन र त्यसको अनुगमन गर्ने यथार्थ सत्य तथ्य सरकारले ल्याउनुपर्छ कि पर्दैन ? यो कुरा म सरकारसँग जिज्ञासा राख्न चाहन्छु ।

अर्को कुरा अन्तिममा प्रदेश सचिवालय सन्दर्भमा छ । हाम्ले यसलाई धेरै भनिराख्नु परेको छैन । प्रदेश सचिवलाई हामी ३ वर्षतिर पुग्न खोजिरहेको अवस्थमा आज प्रदेश सरकारको समितिका बैठकहरु बस्न पऱ्यो भने एउटा कोठाको फर्निचर अर्को कोठामा सारेर बस्ने अवस्थालाई हाम्ले प्रदेश सचिवालयको अवस्था के छ भन्ने हाम्ले भनिराखु पर्छ जस्तो लाग्दैन ।

त्यसकारणले गर्दाखेरी पनि हाम्ले यस्ता खालका व्यवस्थापनलाई कार्यान्वयन पक्षमा बजेटमा मात्र विनियोजन गर्नुभन्दा पनि कार्यान्वयन, कार्यान्वयन पक्षमा लगेर जान सक्यो भने बल्ल

आफ्नो भूमिका निर्वाह गरेको हुन्छ । त्यसकारण सरकारले आफ्नो भूमिका निर्वाह गरेको हुन्छ । त्यसकारणले सरकारले आफ्नो भूमिका निर्वाह गर्नलाई बजेटमा व्यवस्था गरेर भन्दा पनि कार्यान्वयन पक्षमा जान सक्यो **(माननीय सभामुख : माननीय सदस्य समय सिद्धियो)** भने निश्चय पनि यो प्रदेशले एउटा समृद्धिको बाटोमा जान सक्छ । त्यस्तै अनुरोध गर्दै आफ्नो भनाइ यही अन्त्य गरे,धन्यवाद, जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री जनकलाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय मणिभद्र शर्मा ।

**माननीय जनकलाल श्रेष्ठ ।**

माननीय सभामुख महोदय, आज विनियोजन विधेयक २०७७ माथि छलफलमा हामी भाग लिदैछौं । आर्थिक वर्ष २०७७/७८ को वार्षिक विकास कार्यक्रममा आज चार वटा मन्त्रालय सम्बन्धी हामी छलफलमा भाग लिइरहेका छौं । मैले सबभन्दा पहिला हाम्लाई मन्त्रालयबाट विनियोजन भएका रकमहरुलाई राम्रोसँग कार्यान्वयन गर्ने हो भने धेरै कुराहरु भन्नु पर्ला झै लाग्दैन ।

किनभने आन्तरिक मामिला कानुन मन्त्रालयबाट गण्डकी प्रदेशमा शान्ति सुरक्षाको कार्यान्वयन कस्ले गर्ने ? त्यसपछि पनि ११ वटै जिल्लामा जुन घटनाहरु घटिरहेका छन्, त्यसको निमित्त प्रहरी प्रशासनहरुबाट कति सहयोग भएको छ? भन्ने कुराहरु छर्लङ्गै छँदैछ किनभने ठाउँ ठाउँमा झडपहरु हुने स्थिति र त्यसमा समयमा प्रशासककहाँ नपुग्ने, यो घटनाले भोलि फेरि अर्कै रुप लेला भन्ने मलाई शंका लागेको छ ।

त्यस्तै गरेर सामाजिक विकास मन्त्रालयले जुन विधेयक विनियोजन गरेको छ, विनियोजन गरेको बजेटहरु, ११ वटै जिल्लालाई समेठ्ने गरी कसरी लैजानुपर्छ भन्ने कुरा त्यहाँ विनियोजन गरिएको छ । र अहिले एकउन्टा बुँदामा व्याख्या गर्नुभन्दा पनि समग्र रुपमा ११ वटा जिल्लालाई समानान्तर रुपमा काम भएको छ कि छैन भन्ने कुरा पनि हाम्ले विचार गर्नुपर्ने भएको छ । किनभने हाम्रो गण्डकी प्रदेशमा ११ वटा जिल्लाहरुमा समानुपातिकरुपमा काम भएको मैले देख्या छैन ।

त्यस्तै गरेर उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको जुन विनियोजन गरिएको छ, बजेटहरु यसकै पनि सरसर्ती हेर्ने हो भने कुन ठाउँमा कसरी जानुपर्छ भन्ने कुरा पूर्णता यसले पाएको छैन । जसरी मैले यहाँ भन्नै पर्छ म सदनको बोल्ने मान्छे । जिल्लाको

कान्छो जिल्ला नवलपरासी लाई अति राम्रोसँग जहाँ कि भन्नुपर्दा खेरी समानताको हिसाबले मैले त्यहाँ देखेको छैन ।

भूमि व्यवस्था कृषि सहकारी मन्त्रालयबाट सँग सहकारी मन्त्रालयबाट पनि भएको छ । दुवै मन्त्रालयको भनेअनुसार भएको छ । र, मलाई अब यहाँ केही भन्न अनुमति पनि चाहन्छु । किनभने सामाजिक विकास मन्त्रालयका कार्यक्रममा योजनाहरुमा सबैभन्दा राम्रो लागेको, स्वास्थ्य विमा कार्यक्रम ।

हाम्रो गण्डकी प्रदेशमा कुन कुन जिल्लामा स्वास्थ्यको के भन्छ यो बिमा कार्यक्रम लागु भएको छ । साच्चैभन्दा गरिब जनताको जाने बिरामीको निमित्त औषधी गर्ने जाने यो बिमा कहाँ कहाँ ठाउँमा भएको छ, त्यसको व्याख्या गरिएको छैन । ११ वटा जिल्लामध्येमा कुन कुन जिल्लमा लागु भएको छ ? त्यो आजसम्म भएको छैन। त्यसमध्ये मेरो कान्छो जिल्ला नवलपरासी त्यो काम भएको छैन । त्यस्तै गरेर उता राम्रो काम भएको छ ।

मैले साच्चैभन्दा यो काम हुनुपर्छ पनि भनेकै थिएँ । किनभने त्रिवेणी धाम विकास लागस पर्छ है भनेर भन्या थे मैले यसपालि त्यो । त्रिवेणी धाम भनेको पूर्व कहाँदेखि त्यो ठाउँको धार्मिक क्षेत्र, गजेन्द्र मोक्षको ठाउँ कृष्ण भगवान्को चक्रले के भन्छ, गोही मारेर हात्तीले बचाएको ठाउँ, त्यसको गुरुयोजना कसरी बनाउने भन्नेमा लागेको छ, यो कागजमा सिमित नहोस् । म के आग्रह गर्न चाहन्छु भने त्यस ठाउँमा गुरुयोजना बनाउँदा खेरी त्यो त्रिवेणी धामलाई कसरी अगाडि बढाउन सकिन्छ र धार्मिक क्षेत्रमा र पर्यटन क्षेत्रमा पनि इण्डियाबाट बढी मान्छे आउने हाम्रो मुक्तिनाथदेखि पर्यटक छन्। हुँदा खेरी त्यो हाम्रो किताबमा मात्रै नहोस् त्यो कार्यान्वयनका निमित्त म आग्रह गर्न चाहन्छु ।

त्यस्तै गरेर अस्पताल सुदृढीकरण कार्यक्रममा सामुदायिक विद्यालयको रेकर्ड क्षेत्र पहिचान कार्यक्रम भनेको छ । आज पहिचान गरेका छौ कि छैनौ ? कुन कुन जिल्लामा, कुन कुन ठाउँमा यो कार्यान्वयन हुन सक्छ ? हामीले भनेर भन्छौ कार्यान्वयन गर्नुपर्छ भनेर लक्ष्य लिएका हुन्छौं । तर कसरी गर्ने भन्ने कुरा यहाँ व्याख्या गरिएको छैन । व्याख्या गर्नु आवश्यक भएन लगायत मैले एउटा कुरा भन्नै मन लाग्यो अहिले ७६, ७७ को सामुदायिक विद्यालयमा अनुदानको रुपमा यहाँ मागिएको थियो, स्कुलले त्यहाँ फाराम भरेको थियो । त्यसमा भौतिक निर्माण तारबार, ट्रष्टको रकम निमित्त भनेर भरिएको थियो, यसमा मैले मन्त्रीलाई भन्नै पर्छ ।

अहिले आएर असारको १६, १७ तिर आएर भौतिक निर्माणको निमित्त आएको प्रावि निमाविमा रु. १ लाख, भौतिक निर्माणको निमित्त त्यसैगरेर निमित्त माविमा डेढ लाख। घेराबार स्कुलको घेराबारका निमित्त ३ लाख, ट्रष्टलाई ५ लाख विनियोजन गरिएको छ । यसले त्यहाँको जनताले कत्तिको सहुलियत पाउँछ त अब ?

सामाजिक क्षेत्रमा काम गर्ने साथीहरुले कतिको तपाईको उत्साहले काम गरिरहेको छ अब? यससम्बन्धी हामीले बुझ्नुपर्ने आवश्यकता छ । यस्तै गरेर अहिले भर्खरै शिक्षा विकास निर्देशनालयबाट ३ चिज माग गरिएको थियो । के भने खेलकुद तथा विशेष अनुदान । विज्ञान संकायका पूर्वाधार कार्यक्रम । गुम्बा विद्यालय अनुदान कार्यक्रम भनेर ३ वटा मागिएको थियो, जहाँ कि त्यहाँ **(माननीय सदस्य समय सिद्धियो)** तर आजसम्म पनि पैसा विनियोजन भएको छैन । यसर्थ पनि म माननीय मन्त्रीज्यूलाई यो कुराको अलि ध्यान दिएर कित नमाग्नुपर्छ मागिसकेपछि जनताले चाहेको तुरुन्त रकम दिनुपर्ने मलाई खुल्दुली लागेको छ । किनभने हवस् धन्यवाद।

**माननीय सभामुख**
माननीय सदस्य श्री मणिभद्र शर्मालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय श्री कृष्ण थापा ।

**माननीय मणिभद्र शर्मा**
सभामुख महोदय, बागलुङको एउटा क्वारेन्टाइन भाको स्कुलमा एकथरिको रिपोर्ट ५ दिनका दिन जाने, अर्को थरिको स्वाबको रिपोर्ट १४ दिनसम्म पनि नपुगेपछि ती क्वारेन्टाइनमा बसेकाले एउटा गीत गाए । त्यो गीत मलाई त्यहाँको सामाजिक कार्यकर्ताले फोनमा सुनाको थियो र मैले त्यो टिपेको थिएँ । कहिलेकाही काम लाग्ला भनेर । मैले उनीहरुले झैं त्यस्तो भाखा मिलाउन त जान्दिनँ तर तुक्का भन्नै पर्ने भो ।

बस्छ सरकार, दंगदास परेर, भाषण धेरै काम थोरै गरेर, बेसारे बोलीले राम्ररी छक्यायो, केपी ओलीले । भनेर गाए उनीहरुले । उनीहरुकै भाषाको हो मेरो हो । यो व्यवस्थापन पक्षका बारेमा ती जनताको आवाज १४ दिनसम्म रिपोर्ट नपाएर उदास भएर गाको गीत हो । अब अरु त्यस्तो नदोहोरिउन् भन्ने पनि अनुरोध मैले गर्न चाहे । हाम्रो बजेट र चासो केन्द्रित होस् ।

कोरोनाका समस्याहरुको बारेमा यहाँ सुरु सुरुमा हामी एकदम ढुक्क छौं भनेर बडो फुर्तिसाथ गर्‍यौं । मैले भने भतेरमात्र पठाछ है भनेर अब जन्ति आएपछि अब के भन्न

थाल्यौ भने अमेरिकामा त भाछ भनेर भन्न थाल्यौ । दक्षिण कोरिया र न्युजिल्याण्ड जस्तो राम्रो गरम् भन्न थालेनौं । त्यसलाई सकारात्मक रुपमा त्यस्ता उदाहरण दिएर त्यतातिरको चिन्तन अलि बढाम् भन्ने अनुरोध गर्न चाहें । विश्वविद्यालय र ठूला ठूला मेडिकल कलेजहरु मा हामीले बहुत फोकस गरेका छौं तर ९५ प्रतिशतभन्दा पनि अयोग्य शिक्षकहरुले हिजो एक जना विद्धान माननीयज्युले डाटा दिनु भो मलाई त्यस्तै लाग्छ । धेरै अयोग्य शिक्षकहरुले पढाराछन्, शैक्षिक गतिविधि खस्किराछ, तलको जगतिर ध्यान दिइएन। कम ध्यान दिइयो । यो कालिदास शैली त हुने होइन ? भन्ने विशेषण अहिले भइराछ । कृषि उत्पादन बढाउन निरब्याजी ऋणको व्यवस्था गरिओस् भने हामीले माग गऱ्यौं तर बोल्न सकेन। बजेटले बोल्न सकेन । अनि गको बजेटमा सहकारीहरुलाई ३० पर्सेन्ट कृषि उत्पादन बढाउन लगाउने भनेर भन्यौ । कति वटा सहकारीले त्यस्तो बढा होलान् रु अथवा नबढाएका भए तिनीहरु त्यता रुची नराखेको भए के गरियो ? होला भन्ने कुराहरु कहिल्यै पनि कही पनि आएन । भनेसी कृषि उत्पादन बढ्ने । बढोस् बढाउनुपर्छ भन्ने चासो हाम्रो सोधखोज अलि कम भयो कि भन्ने लाग्यो ।

फेरि अनुदान दिदा खेरी बागलुङको एउटा ५० लाख जति खर्च गरेको एउटा समूहले अनुदान माग्न आएछ अनि एक जना बिचौलियाले तँ कुन पार्टीको होस् भनेर सोधेछ। अनि अब कुन पार्टीको भन्दा के हुने हो के हुने हो ? हुन त कांगेसकै कार्यकर्ता थियो । तिनीहरु कांग्रेसकै समर्थक थिए । भोट त अहिलेसम्म कांग्रेसमै हाल्ने गऱ्या थिए । उनीहरु अल्लमल्ल परेछन्, अल्लमल्ल परेपछि बजेट पाएनन् । र, युथ फोर्सलाई ने हो ? यो सरकारी अनुदान लिन कि के हो ? यो अलिकति बोल्नै पर्ने भाको छ ।

यो पंचायत कालमा प्रधानपंचहरुले आफ्नो गाउँलाई आदर्श गाउँ बनाउन अंचलाधीशका कहाँ धेरै चाडकी गर्थे । अनि अंचलाधीश खुसी भयो भने त्यो गाउँलाई आदर्श गाउँ पंचायत भन्थे । र अहिले यो नमुना मुख्यमन्त्री नमुना कृषि गाउँ बनाउन के के गर्न पर्ने हो ? त्यस्तै केही प्रावधान छ कि ? यो पनि अलिकति बुझिएन। त्यो अलि क्लीयर भइदिए हुन्थ्यो भन्ने मलाई लाग्छ । त्यो अनुरोध पनि गरे मैले । यो द्धन्द्धपीडितहरुको बारेमा पनि बजेटमा अलिकति बोल्न खोज्यो, म पनि द्धन्द्धपीडित हुँ । म घरबास विहीन हुँ र मेरो गाउँमा मैले अहिले घर बनाउन सक्या छैन । तर अब द्धन्द्धपीडितमा सबै पक्ष समेटिन्छन् कि समेटिदैनन् ? सबैलाई समान न्याय पुग्छ कि पुग्दैन ? द्धन्द्धकालमा त धेरै पक्षका मानिसहरु द्धन्द्धपीडित छन् । त्यो त्यसतर्फ मैले सजग रहन माग गरे । उद्योग वाणिज्य संघ उद्योग वाणिज्यतर्फ तालिम शीर्षकमा मात्रै झण्डै ६ करोडमात्रै विनियोजन देखिन्छ तर

उत्पादन बढाउन कति लगानी भ होला ? त्यो अनुपातमा डाटा मुख्य केरे मन्त्रीज्यूबाट पाइएला भन्ने आशा गरेको छु ।

यो विद्युतीय चुलो प्रोत्साहन गर्नका लागि यहाँ चानचुन २० लाखको मैले अंक कति हो अलिकित अंक छ २० हो कि २ लाख हो ? अब मलाई के लाग्छ भने विद्युत नियमित दिने हो भने र सरल ढंगले दिने हो भने चुल्हो आफै राख्छन् । ग्याँसभन्दा सस्तो पर्ने हो भने पर्ला जस्तो त मलाई लाग्दैन ।

यो पत्रकार र पत्रकारिता सम्बन्ध सेवा र उद्योगलाई सरकारले उपेक्षा नगरोस् भन्ने माग गर्दछु । बिरामी भएको एउटा वरपीपलवाला विधेयक यो अहिलेको किताबको धारा १००, ५६५ मा वर पीपल र स्वामीका बिरुवाहरु उत्पादन गर्ने भनेर एउटा अलिकति चासो छोएको रहेछ । मैले सिकिस्त भएको बिरामी विधेयक अलिकति चलबलाउन लागेकोमा खुसी लाछ । वन्य वनजन्य विदेशी बस्तुहरु, फर्निचरहरु आयात एकदम बढिरहेको छ । हाम्रो जंगलमा काठहरु कुहिरहेका छन् ।

बुढा रुखहरु ढलेका ढल्यै छन् । तिनलाई व्यवस्थापन गर्ने सवल नीति र कानुन र व्यवस्थापन गर्न हामी सकिरहेका छैनौ । जसले रोजगारी पनि दिन्थ्यो, विदेश जाने पैसा पनि रोक्थ्यो । त्यो तर्फ पनि अझै गम्भीरता यहाँ देखिएन । हाम्रो प्रदेश व्यवस्थापिकामा हाम्रा समितिहरुले आफ्नो क्षमता अनुसारको काम गर्न पाएका छैनन्। हाम्रा विधेयकहरु के कति अवस्थामा भए, हाम्ले पास गरेका विधेयकहरु, तिनको मूल्यांकन अनुसन्धान गर्ने हाम्ले साधन श्रोत पाएका छैनौ । बजेट घटेको घट्यै । काटिएको काटियै छ । यसतर्फ पनि म ध्यानाकर्षण होस् भन्ने अनुरोध गर्दै आफ्ना भनाइ अन्त्य गर्दछु । धन्यवाद, जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री कृष्ण थापालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय हरिशरण आचार्य ।

**माननीय कृष्ण थापा ।**

माननीय सभामुख महोदय, माननीय ज्ञानकुमारी छन्त्यालको असामयिक निधन भएकोमा म उहाँप्रीत श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र उहाँको परिवारमा समबेदना ब्यक्त गर्न चाहन्छु ।

विनियोजन विधेयक २०७७ माथि हामी छलफल गर्न गईरहेका छौं । यस सन्दर्भमा अहिले विशेष गरेर नेपाल भूमि कोभिडको कारणले र यसपछि सलहको कारणले पनि सारै आक्रान्त बनिरहेको छ । यसै सन्दर्भमा फेरि संघीय हावा पनि एउटा कताकता चलिरहेको छ । मलाई लाग्छ यो संघ हावा त नचलिएको दिएको भए पनि त हुन्थ्यो नि । किनभने बर्खाको समय छ । खेतीपाती लहलह लागिरहेको छ । यो हावाले साँच्ची खेतीपाती ढलाउने त होइन ? त्यसकारण दुख पनि लागेको छ ।

यसकारण मैले भने यही कुरा भने ।हाम्रा करिब ३ वटा मन्त्रालयको कार्यक्रमहरु हेर्दाखेरि समग्र एउटै प्रकारको देखिन्छ। त्यसमा मैले के देख्छु त भने धेरैजसो कार्यक्रमहरु प्याकेजमै रहेका छन्। प्याकेजमा रहेका कार्यक्रमहरु पछि फुकाइने होला । त्यसकारण ती कार्यक्रमलाई पारदर्शी, व्यवहारिक र एकदम जनमुखी बनाउनका लागि पनि म हार्दिक अनुरोध गर्न चाहन्छु । पर्यटनले होमस्टे अनि अहिले आएर केही पदमार्गहरु सामाजिक मन्त्रालयले विद्यालयहरु अनुदानहरु केही कामहरु गरेको देखिन्छ, र कृषि मन्त्रालयबाट विशेषगरेर कृषि नमुना गाउँ र विभिन्न अन्नबाली र फलफूल बालीहरुका प्याकेज कार्यक्रमहरु पनि भएको देखिन्छ । र मलाई लाग्छ त्यो यथार्थ, यथेष्ठ छैन। विद्यालय अनुदान असाध्यै थोरै छ ।

होम स्टेहरु भएका सामान्य बिलहरु उठिरहेका छन् । त्यहाँ ढलान हुने काम भएको छैन। त्यसको कार्यक्रम बढेको छैन र, कृषिका कतिपय कार्यक्रमहरु धेरै अपुग प्रकारका देखिन्छन्। एउटा सुन्तलाबाली भनिएको छ, करिब चार वटा वार्डमा, सात वटा वार्डमा हालिएको छ विकास अनुदान। त्यस्तै दश बिस लाख सम्म पनि राखिएको छ । त्यसकारण पनि किसानहरुका समस्यालाई तिनीहरुले यथेष्ट रुपमा सम्बोधन गर्न सकिरहेको अवस्था छैन । यसले गर्दा खेरी ती चिजहरुल्लाई अलि विशेष प्रकारले अनुरोध गर्न चाहन्छु ।

अहिले हाम्रो गृह मन्त्रालय वास्तवमा आफ्नो कमाण्डमा छ कि छैन ? संघले संघीयता दिएको छ कि छैन ? मैले यो प्रश्न सोध्न चाहन्छु । अहिले देशको साँच्चै सुरक्षाको प्रश्न धेरै चुनौतीपूर्ण बनिरहेको छ । हिजो यहाँ कुरा चल्यो, गण्डकी प्रदेशमा केही भएको छैन भने यही गण्डकी प्रदेशको बुर्तिबाङको बुर्तिबाङको एउटा क्वारेन्टाइनमा एउटा सुरक्षाकर्मीले जबरजस्ती गरेको त्यहाँ छ । आज त्यस्ता जबर्जस्ती धेरै प्रकारका छन्, त्यले गर्दाखेरि मलाई लाग्छ, यो कमाण्डले निराकरण गर्छ कि गर्दैन?

अर्को कुरा हामीले गाउँघर बस्तीहरुमा सबैतिर के गर्छौं त भने दुव्र्यसनीको अवस्था असाध्यै ठूलो समस्या छ । प्रत्येक घरमा दुव्र्यसनी छ । आज त्यो किन निवाकरण हुन सक्दैन रु आज किन समाधान हुन सक्दैन? म अघि बस्ने धेरै मान्छेहरुले यो नाकबाट लिएर नाकैबाट धुलो उडाउँदा रहेछन् । त्यो एउटा ठूलो दुव्यर्सनी रहेछ तर मैले भने, धेरै चोटी तर त्यो हट्दैन । कतै दुवै तहको मिलापत्र छ त छ कि छैन ?

त्यले गर्दाखेरी मलाई राज्यको लागि यस्तो किसिमको एउटा निरुत्साहित पार्ने एउटा भिजन पनि हुन आवश्यक छ । तर मैले त्यो धेरै कमजोर प्रकारको देखिरहेको छु। र, अर्को तिर हामीले यो कोभिड-१९ को लागि भनेर बजेट छुट्टाइरहेका छौं, द्वन्द्वपीडितको भनेर बजेट छुट्याइरहेका छौं । यमा पनि एउटा त छान्ने, एउटा तल छानिसकेपछि त्यसलाई प्लस दश भनेर प्लस गर्ने । यसो गरियो भने मलाई लाग्छ, पीडित छुट्ने त्यही पीडितहरुले एकदम प्रश्रय पाउने पनि हुन सक्छ । यसको पक्षपात हुन सक्छ । यले गर्दा पनि यो विषयमा पनि असाध्यै ध्यान दिन आवश्यक छ ।
यो कृषिको द्वन्द्वपीडितको बजेटमा विषयमा हरुमा बजेटमा अनि द्वन्द्वपीडितकै बजेटमा पनि ध्यान दिन आवश्यक छ । र, मैले यही कुरा गरैं । अर्कोतिर हाम्रो यो स्वास्थ्य सन्दर्भमा स्थानीय निकायलाई उपकरणको कुरा यहाँ समावेश भएको छ । मैले करिब ३ वर्ष म मन्त्रीजीसँग धेरै रोइकराई गरेको छु तर मैले पाउन सकिरहेको छैन तर मलाई लाग्छ हामीले बरु गाडी किन्नु उचित भयौ। त्यो गाडी आवश्यकता थियो कि थिएन ? तर कुनै पनि हस्पिटलमा स्वास्थ्य उपकरणको पहिलो आवश्यकता हुन्छ । पहिलो आवश्यकता प्राविधिक हुन्छन् दोस्रो आवश्यकता उपकरण हुन्छ । त्यसकारण मैले लाग्छ, यो चिजलाई पनि व्यवहारिक रुपले अलि गम्भीरताका साथ सोचियोस् र मूल्यांकन गरिओस् । यीनै कुराहरु राखे।

अर्को तर्फ हामीले प्रदेशसभालाई साँच्चै अपहेलना गरेका छौ नि त । अहिलेसम्म साँच्चै भन्ने हो राम्रोसँग पोर्ट फोलियो मिलेको पनि देखिदैन । अहिलेसम्म भन्ने हो भने प्रदेशसभा भवन हामीसँग छैन । भवन छ, जग्गा छ । तर हाम्रो दृष्टिकोण सोचहरु छैनन् । र अहिले पनि हाम्लाई समितिहरु संचालनका लागि मलाई लाग्छ २० लाख बजेट छुट्टियो । समितिको लागि समिति संचालन गर्न जम्मा ७ लाख छुट्टियो । यले के देखाउँछ भने हाम्रो पारदर्शिता, हाम्रो सोचाइ कति कमजोर छ । संसदीय गतिविधिहरु सक्रिय हुनु भनेको त राज्य बलिया हुनु हो नि त्यसकारण यो चिजलाई एकदम व्यवस्थित टाइप बनाउने किसिमको बजेट पनि यहाँ उल्लेखित छ। यसले गर्दा खेरी यो विषयमा पनि मलाई लाग्छ, सरकार एकदम पारदर्शी बनोस् । यही कुरा राख्दै आफ्ना भनाइ टुंगाउँछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री हरिशरण आचार्यलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय हरिशरण आचार्य ।**

माननीय सभामुखज्यू, हामी बजेटको विकास कार्यक्रमअन्तर्गत छलफल गर्दै गर्दा खेरि पहिलो चरणको छलफल हामी सिध्याइसक्यौं । दोस्रो चरणको छलफलको क्रममा यो सन्दर्भमा आफ्ना विषयबस्तु धारणाहरु राख्न गइराखेको छु । र बजेटलाई ठिक छ, अत्यन्त राम्रो छ, दुरगामी महत्वको छ भनेर प्रशंसा गर्नेहरुको यो हाउसमा कुनै कम छैन ।

प्रशंसा गर्नेहरु गरिरहन्छन्, प्रशंसाले आसेपासे पुँजीवादको जन्म र रक्षा गर्न सहयोग पुऱ्याउँछ। यो कुरा हामीले मनन गरेका छौं कि छैनौं ? म सम्बन्धित मानीयज्यूहरुलाई प्रश्न गर्न चाहन्छु । तर आलोचना र कमजोरी उजागर गर्दा ढुंगाको चेपमा उम्रिएको पीडित जुन संघर्ष गर्दै आफूलाई ठूलो बनाउँछ, त्यसैगरी हाम्रो आलोचनाले सरकारले सही बाटोमा हिड्ने प्रेरणा दिनेछ, या प्रदेशको भविष्य निर्माण गर्न मद्दत गर्नेछ भन्ने मैले ठानेको छु । स्पष्टीकरण भन्दा पनि कार्यान्वयनमा बदल्न माननीय सभामुख मार्फत सरकारसँग विशेष आग्रह गर्न चाहन्छु । कोभिड-१९ को विषयमा अलि बढी लगानी गर्न खोजेको देखिन्छ, आफ्नो श्रम छोडेर फर्किएका र वैदेशिक रोजगारीबाट स्वदेश फर्केका तथा स्वदेशमा रोजगारी गुमाएका श्रमिकहरुका लागि रोजगारमुलक तालिम कार्यक्रम भनेर २ शीर्षक्मा बजेट विनियोजन गरिएको छ । यो बजेट शिर्षक हेर्दा हेर्दा केही फरक छैन तर बजेट फरक ढंगले छुट्याइएको छ । यदि यसलाई कार्यविधिले व्यवस्थित गर्न सकिएन भने यो डुप्लिकेसन हुने खतरा छ । मैले विशेष सचेत गराउन चाहन्छु ।

सरकारलाई जति भने पनि एउटा कानले सुन्ने र अर्को कानले उडाउने भन्दा बाहेक अरु केही भएको छैन । प्रमुख गन्तव्यमा पनि उस्तै प्रकतिको बजेट र अन्य पर्यटकीय क्षेत्रमा पनि उस्तै बजेट विनियोजन गरिएको छ । अझ कतिपय ठाउँमा त १० लाख र १५ लाख छुट्याइएको छ । अरबको बजेटमा प्रमुख गन्तव्यमा बजेट छुट्याउँदा किन कन्जुस्याँइ ? सानो शीर्षकमा बजेट सानो सानो शीर्षकमा बजेटलाई विनियोजन गरेर कुनै पर्यटन गन्तव्य पूर्वाधार आफ्नो कार्यकालमा पुरा गर्न सकिन्छ? कम्तिमा यति कुरा त ख्याल गरौं ।

वन क्षेत्र र प्रदेश सरकारको मातहतमा छ तर यो सम्बन्धित निर्देशककै केन्द्र सरकारले गर्छ । कस्तो अचम्मको कुरा । करिब दुई महिना अघि सरकारले काठ तस्कर र फेकोफनका पदाधिकारी बीच कमिसनको मोलमोलाइको बीच समझदारी हुन नसक्दा दुवैको

प्रभावमा परी सरकारले काम सहज ढङ्गबाट सरकारले काठ दाउरा खरिद बिक्रि गर्न पनि रोक लगाएको छ । आज गण्डकी प्रदेशमा मात्रै करिब २ हजार फर्निचर उद्योगहरु छन्। ती उद्योगहरु काठको अभावमा प्रायः बन्द गर्नुपर्ने अवस्थामा पुगेका छन् । करिब १० हजार व्यक्तिहरुले, १० हजार व्यक्तिहरुको रोजगारी धरापमा छ । भइराखेको रोजगारीको त रक्षा गर्न नसक्ने सरकारले, अरु थप रोजगारीको प्रवद्र्धन गर्ने कुरा कति हासउठ्दो हो मैले अनुमान गर्न खोजिराखेको छु ।

वास्तवमा हामी कमिशनमा बिक्ने अनि उल्टै सुशासनको गफ दिन नछोड्ने कुराले कतै सरकार कमिसन खोर चंगुलमा परेको त होइन ? मलाई शंका लागेर आउँछ । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत मुख्यमन्त्री वातावरण मैत्री नमुना कृषि गाउँमा बजेट विनियोजन गर्दा बहुवर्षीय र क्रमागत रुपमा गर्न आग्रह गर्न चाहन्छु किनभने यो भन्दा अगाडि हामीले कोभिड-१९ को कारणले होस् वा अथवा विभिन्न हिसाबले यो बजेट विनियोजन गर्दा खेरी हामीले जुन ढंगले कार्यान्वयन गर्ने लक्ष्य राखेका छौं, त्यो लक्ष्य पूरा भएको छैन । त्यसैले गर्दाखेरी त्यसलाई प्रभावकारी बनाउनका निमित्त बहुवर्षीय एवं क्रमागत आयोजनाको रुपमा अगाडि बढाउन म आग्रह गर्न चाहन्छु ।
सिचाइ र संकलन केन्द्र बजार व्यवस्थापन कृषि सामग्रीहरूको उपलब्धता, कृषि अनुभवी र परिपक्क प्राविधिकहरुको अरुको जनशक्ति व्यवस्थापन सही ढंगले गर्न नसक्नु अनि बजेटलाई एकीकृतरुपमा विनियोजन गर्न नसक्नुले नमुना कृषि गाउँ, मुख्यमन्त्रीको प्रचारथलो मात्र बनिरहेका छन् । त्यसैले बेलैमा सचेत बन्दै आवश्यक बजेटको सन्तुलन मिलाउन म विशेष आग्रह गर्न चाहन्छु ।

राज्यलाई संकटको बेलामा जनताले खोजी गर्छन् । संकट नपर्दा जनता आफैले उत्पादन गर्दै अर्थतन्त्रलाई काँध थापिरहेका हुन्छन्। लकडाउनको कारण स्थानीय तह, स्थानीय उत्पादन सड्ने र कुहिने, गोरखाको घ्यालचोक घुम्लीचोक लगायतका ठाउँमा तरकारी फलफूल किसानले गाई वस्तुलाई ख्वाउने, खोलामा फाल्ने गर्नु पर्‍यो। त्यस्तो अरु जिल्लाहरुमा पनि भए होला । धेरै थोरै मूल्य भए पनि किसान आफैले बिक्री गरेर तर संकटको बेला राज्यले उचित बजार व्यवस्थापन गर्न सक्नु पर्थ्यो । विभागीय मन्त्रालय टुलुटुलु हेरेर बस्ने बाहेक केही गर्न सकेन । त्यसैले बजेटमा उत्पादन कसरी गर्ने ? भन्ने कुरा त गरियो तर उत्पादनलाई स्टोर गर्ने, बजारसम्म लैजाने व्यवस्था गर्न निजी क्षेत्रलाई सक्रिय बनाउन र प्रोत्साहित गर्न सरकारको कुनै कार्यक्रम बनेको मैले देखिनँ ।

मलबिउको सम्बन्धमा प्रदेश हुन त यो विषयबस्तु केन्द्रीय सरकारको मातहतमा छ, तर पनि म के आग्रह गर्न चाहन्छु भने प्रदेश सरकारले यसलाई व्यवस्थित गर्नका लागि सम्बन्धित जिल्लाहरुमा प्रत्येक जिल्लाहरुमा एउटा एउटा विज्ञको व्यवस्था गरिएन भने यो संघ सरकारको मुख ताक्ने र प्रदेश सरकार टुलुटुल हेर्ने बाहेक अरु केही विकल्प मैले देखेको छैन । विपत् व्यवस्थापनको बजेट ठोस् र मुर्त सिडिओ कार्यालयमा मार्फत वितरण हुने यो बजेटलाई भनसुन र पहूँचको आधारमा भन्दा पनि क्षतिको अवस्था हेरिदिने उचित व्यवस्था गर्न माग गर्दछु ।

पालुङटार ७, बिरुवाटारमा प्रहरी चौकी निर्माण गर्न मैले माग गरेको थिएँ, तर त्यो विकास कार्यक्रमको किताबमा देखिएन । कतै पोको भित्र बाँधिएको छ भने पोको फुकाएर विनियोजन गर्नु हुनेछ भन्ने विश्वास लिएको छु । कोरोना नियन्त्रणमा बजेट केन्द्रित भएको छ तर हामीले बजेटलाई यस्सो हेर्दा खेरी उही मरेपछि उपचार गर्ने जस्तो यस्तो प्रकृतिको देखिराखेका छौं । किनभने क्वारेन्टाइनमा मान्छे मर्न पुग्ने ।

क्वारेन्टाइनमा मान्छे उपचार, स्वाब कलेक्सन भएर, १४, १५ दिन पछि एक महिनापछि उसले रिपोर्ट पाउने यो परिस्थितिमा मरेपछि उपचार पाउने परिस्थिति हामीले सिर्जना गर्न हुन्न । ऊ बाँच्दैमा उपचार गर्ने परिस्थितिको सिर्जना गरियोस् म आग्रह गर्न चाहन्छु । हामी सामुदायिक क्याम्पसहरु अहिले लथालिंग छन् । सामुदायिक क्याम्पसहरुको बारेमा सरकारले कत्ति पनि बजेट छुट्टाएको मैले देखेको छैन । त्यसलाई व्यवस्थित गर्ने एउटा विधिको विकास गरौं । म आग्रह गर्न चाहन्छु । अपाङ्ग विद्यार्थीरुलाई र दलित अल्पसंख्यक राज्यले जिम्मा लिनेखालको यो विषयलाई सुरु गरौं । कम्तीमा हामीले सबै विद्याथीहरुलाई राज्यले शिक्षामा जिम्मा लिन नसके पनि कम्तीमा त्यो निश्चित तप्कालाई विपन्न, अति विपन्न, अपाङ्ग, अनि दलितहरुलाई राज्यले जिम्मा लिने खालको पहिलो शुभारम्भ गर्न म आग्रह गर्न चाहन्छु ।

आज प्रदेश सभामा हामी यस्तो हेर्छौं बैठकहरु चलिरहेका छौं । हामी एउटा कोठाबाट अर्को कोठामा कुर्सी तानेर बस्नुपर्ने परिस्थिति सिर्जना भइरहेको छ । यो प्रदेश सरकार आखिर त्यसैको काँधमा चढेर उब्जीएको त होला ? त्यो प्रदेश सरकारलाई अपहेलना गरेर आज त्यही ठाउँमा एउटा कुर्सी पनि तानेर बस्नुपर्ने यो परिस्थिति कसरी बन्यो होला? म यतातिर पनि सरकारलाई ध्यान दिन आग्रह गर्दै आफ्नो विषयबस्तु टुंगाउन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो बैठक ३० मिनेटको लागि स्थगित हुन्छ ।